का.जि.प्र.का.द.नं. १००/०५९/६०
७ वैशाख २०८२,
आइतबार
20 April, 2025
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २३, अंक ७७ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com




# आफ्नै अल्टिमेटमको कसीमा सरकार



**निमिष झा/मध्यान्ह**
काठमाडौं, ६ वैशाख

सामाजिक सञ्जाललाई समाजप्रति उत्तरदायी बनाउन सरकारले गरिरहेको प्रयास असफल हुने देखिएको छ ।

सरकारले तोकिएको म्यादभित्र सामाजिक सञ्जाल प्ल्याट्फर्महरू सूचीकृत हुन दिएको म्याद आइतबार सकिदैछ । ती प्ल्याट्फर्महरू शनिबारसम्म नेपालमा सूचीकृत भएको छैन ।

नेपालमा प्रयोगमा रहेका सामाजिक सञ्जालहरूलाई जानकारीमा राख्न र स्वनियमन गर्न सरकारले सूचीकरण गर्न खोजेको हो ।

मन्त्रालयले ७ चैतमा सार्वजनिक सूचना प्रकाशित गर्दै सूचीकृत नभएका सामाजिक सञ्जाल प्ल्याट्फर्महरूलाई १ महिनाभित्र अर्थात् ७ वैशाखसम्म दर्ता हुन समय दिएको थियो । मन्त्रालयले कात्तिक २०८० मा पनि नेपालभित्र सञ्चालनमा पृष्ठ २ मा

## बन्द होला त ?

नेपालमा सामाजिक सञ्जाल प्रयोगकर्तामध्ये फेसबुक र ह्वाट्स्यापजस्ता मेटाका प्ल्याट्फर्महरूका प्रयोगकर्ता उल्लेख्य संख्यामा छन् । सामाजिक सञ्जाल प्रयोगकर्ताको ८० प्रतिशत हिस्सा मेटाले ओगटेको छ ।

मेटा नामक कम्पनी आइतबारसम्म सूचीकृत नभए के गर्ने विषयमा सरकार पुगेको छैन । तर मन्त्रालयका अधिकारीहरू सूचीकृत हुन फेरि अर्को सूचना जारी नगरिने बताउँछन् । यसको अर्थ आइतबारदेखि फेसबुक र ह्वाट्स्याप बन्द हुन सक्ने छ ।

दर्ता हुन नमान्ने सामाजिक सञ्जाललाई सञ्चालनमा पृष्ठ २ मा

## विदेशी कम्पनीलाई शुल्क

नेपालमा सूचीकृत नभई र अनुमति पत्र नलिई सामाजिक सञ्जाल एप सञ्चालन गरेमा सरकारले प्लाटफर्म नै बन्द गरिदिने प्रावधान प्रस्ताव गर्दै सामाजिक सञ्जालसम्बन्धी विधेयकसमेत संसदमा दर्ता गरेको छ । राष्ट्रिय सभामा दर्ता भएको 'सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' मा अनुमति लिएर मात्रै प्लाटफर्म चलाउन पाउने पृष्ठ २ मा

### राजावादी राजनीति

# एजेन्डाको मालिक बन्ने लडाईंले भाँडभैलो

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ६वैशाख ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)सहित राजसंस्थाका पक्षमा लागेका विभिन्न राजनीतिक घटकबीच हिन्दु राज्य र राजसंस्थाको एजेन्डाको मालिक को बन्ने भन्ने लडाईंले भाँडभौलो मच्चिएको छ । राप्रपाले सुरुदेखिनै उठाउँदै आएको हिन्दुराज्यसहित राजसंस्थाको एजेन्डालाई पछिल्लो समय बाहिरियाबाट हडप्ने र राप्रपालाई छाँयाँमा पार्ने अवस्था आएपछि यो विषय गम्भीर बनेको हो ।

गत ४ चैतमा पूर्वपञ्च नवराज सुवेदी र मेडिकल माफिया दुर्गाप्रसाईंसहितका व्यक्तिहरू मिलेर हिन्दु राष्ट्र र राजसंस्था पून:स्थापनाको एजेन्डालाई शसक्त बनाउदै तेस्रो जनआन्दोलनको समेत परिकल्पना गरेका थिए । सोहीअनुसार १५ चैत्रमा पहिलो पटक सडक आन्दोलनमा निस्कीएको उक्त समुहको प्रदर्शन पूर्णरूपमा हिंसात्मक बनेपछि स्थिति थप गम्भीर भएको राप्रपाका नेताहरूको भनाई छ । राप्रपाको राजनीतिक एजेन्डालाई अरू अभियान्ताहरूले सहयोग गरेर जानुपर्ने राप्रपाको दाबी छ । राप्रपाका उपाध्यक्ष बुद्धिमान तामाङले भने 'राजासहितको हिन्दु राज्य राप्रपाको राजनीतिक एजेन्डा हो । यसलाई अरू विभिन्न शक्तिले साथ पृष्ठ २ मा

## पूर्वराजासँग ७ नेताको 'लन्च मिटिङ'

यसैबीच राजावादी एक बनाउँने सन्देश दिनका लागी पूर्वराजा ज्ञानेन्द्र शाहले राप्रपाका ७ नेतासँग 'लन्च मिटिङ' गरेका छन । शुक्रबार राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनसहितका नेताहरूलाई बोलाएर सँगै खान खाएको राप्रपाका उपाध्यक्ष बुद्धिमान तामाङले पुष्टि गरे । 'यस्ता मिटिङहरू बेलाबखत भइरहन्छन', उनले भने' शुक्रबार पनि हामीलाई निर्मलनिवास बोलाइएको थियो । त्यहाँ अरू कुरा खासै भएन लन्च गरेर केहीबेलामा निस्कीयौं ।'

राप्रपा अध्यक्ष लिङ्देनसहित पशुपति शमशेर राणा, प्रकाशचन्द्र लोहनी, विक्रम पाण्डे, ध्रुवबहादुर प्रधान, बुद्धिमान तामाङ र ज्ञानेन्द्र शाही निर्मलनिवास गएका थिए । पूर्वराजासँगको भेटमा खानपिन बाहेक छलफल भएका विषयहरू अहिले सार्वजनीक गर्नुपर्ने पृष्ठ २ मा

# गणतन्त्रको रक्षा गर्न ३ शीर्ष नेता प्रतिबद्ध

**काठमाडौं/मस**-प्रधानमन्त्री केपी शर्मा ओलीसहित प्रमुख तीन राजनीतिक दलका शीर्ष नेताहरूबीच विद्यमान राजनीतिक व्यवस्था र संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान रक्षाका लागि उपयुक्त वातावरण बनाउँदै अघि बढ्ने विषयमा शनिबार छलफल भएको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा शनिबार भएको छलफलमा उनीहरूबीच संविधानको उल्लंघन गर्ने र सामाजिक अराजकता सृजना गरी मुलुकको शान्ति र अमनचयनमा खलल पुऱ्याउनेप्रति सचेत हुँदै अघि बढ्न प्रमुख राजनीतिक दलसहित गणतन्त्र पक्षधर शक्ति एकठाउँमा उभिनुपर्नेमा समान मत देखिएको छ । बैठकमा प्रधानमन्त्री एवं पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

# नेपालमा लगानीको सम्भावना प्रसस्त : अध्यक्ष ढकाल

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ वैशाख ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालमा लगानीको सम्भावना प्रशस्त भएको बताएका छन् ।

अध्यक्ष ढकालले वैदेशिक रोजगारीमा रहेका नेपालीलाई नेपालमा लगानी गर्न आह्वान पनि गरे ।

शुक्रबार साँझ कतारको राजधानी दोहामा बागलुङ सेवा समाज कतारको संरक्षकत्वमा बृहउद्देश्यीय अक्षयकोष स्थापनाका लागि आयोजित प्रथम अधिवेशनलाई सम्बोधन गर्दै अध्यक्ष ढकालले नेपालमा केही पनि छैन, केही भएन भन्ने जस्ता गलत भाष्य निर्माण गरिएको बताए ।

अध्यक्ष ढकालले भने, 'नेपालमा सम्भावना नै छैन भन्ने गलत र नकारात्मक भाष्य बनाउन खोजिएको छ । विदेशमा बसेर यहाँको विकास र प्रविधिसँग तुलना गर्दै नेपालको विरोध पनि गरिएको पाइन्छ । नेपालमा पनि विदेशमा जस्तै मेहनत गर्ने हो भने धेरै काम गर्न सकिन्छ ।'

वैदेशिक रोजगारीमा रहेका नेपालीलाई लगानीको अवसर प्रदान गर्ने गरी १० अर्ब पुँजीको नेपाल डेभलपमेन्ट कम्पनी स्थापना गरिएको जानकारी गराउँदै ढकालले त्यस कम्पनीमार्फत् लगानी गर्न वैदेशिक रोजगारीमा रहेका नेपालीहरूलाई आग्रह गरे । उक्त कम्पनीले मुलुकभित्र तथा बाहिर रहेका नेपालीहरूको छरिएर रहेका पुँजी संकलन गरी जलविद्युत्, पर्यटन, उद्योग तथा विभिन्न सम्भावना भएका क्षेत्रहरूमा लगानी गर्न गइरहेको उनले बताउँदै उक्त कम्पनीमा सहभागी भइ लगानी गर्न अनुरोध गरे । अध्यक्ष ढकालले बागलुङबाट कतारमा आएका पृष्ठ २ मा

## एसोसिएसनद्वारा बालगृहलाई ५ लाख सहयोग

**काठमाडौं/मस**-नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले काठमाडौं महानगरपालिका वडा नं ११ बबरमहलस्थित विवेक स्वच्छ सेवा केन्द्र नामक बालगृहलाई ५ लाख रुपैयाँ बराबरको शैक्षिक सामाग्री लगायत सहयोग हस्तान्तरण गरेको छ।



शनिबार उक्त केन्द्रमा एक कार्यक्रम आयोजना गरी एसोसिएसनका अध्यक्ष दीपक थापा, कार्यवाहक महासचिव तुलसी पुरी लगायतले केन्द्रमा आश्रित बालबलिकाका लागि विद्यालयको ड्रेस तथा शैक्षिक सामाग्री लगायतको सहयोग हस्तान्तरण गरेको हो ।

केन्द्रलाई हस्तान्तरण गरिएको सहयोग मध्ये अध्यक्ष थापाले व्यक्तिगत रूपमा १ लाख ५० हजार, कार्यवाहक महासचिव पुरीले ५१ हजार र एसोसिएसन कार्यसमिति पृष्ठ २ मा

VACANCY
ANNOUNCEMENT
One of the reputed recruitment manpower agency is seeking for following applicant.
SALARY Negotiable
Documentation Office - 3 (Male/Female)
Receptionist - 3 (Male/Female)
Requirements:
- Educational qualification +2 pass.
- Should know Nepali & English typing, With computer Knowledge.
- Minimum 2 years experience in the recruitment field.
Send your cv on office mail : wahaa.nepal@gmail.com
Govt Lic No. 469/060/061
WAHAA MANPOWERS SUPPLIER PVT. LTD.
Kalopool 7, Kathmandu, Nepal, Tel: +977- 014581670, 4583566, Mobile : 9851071299

VACANCY
ANNOUNCEMENT
एक प्रतिष्ठित म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
WE'RE HIRING
▶ Talent Acquisition Specialist (Female)
Min 2 years of experience,sourcing and hiring qualified candidates to fill job vacancies (Prefer Hospitality Industry)
▶ Documentation Officer (Female)
Min 2 years of experience. Salary : Negotiable
abiz
Samakhusi (Gangabu Aawash Chetra) Kathmandu, Tel.: 01-4973555 4973255, 9851350733, 9802360733, Email : cv.abizglobal@gmail.com




१८औं वर्ष पूरा गरी १९औं वर्षमा प्रवेश!
हाम्रो १८औं वार्षिकोत्सवको सुखद उपलक्ष्यमा समस्त आदरणीय ग्रहकवर्गहरू, शेयरधनीहरू, नियमक निकायहरू, कर्मचारी तथा शुभचिन्तकहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनहरुमा अझै उच्चस्तरीय सेवा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

| | |
|---|---|
| चुक्ता पूँजी | रू. १४ अर्ब ७६ करोड |
| कर्जा | रू. १ खर्ब ७३ अर्ब |
| निक्षेप | रू. २ खर्ब २ अर्ब |
| शाखा सञ्जाल | २०० |
| ग्राहक संख्या निक्षेप | १८ लाख ७९ हजार |

सहायक कम्पनिहरु:
सिटिजन्स क्यापिटल लिमिटेड
सि.बि.आई.एल. सेक्युरिटिज लिमिटेड

THE BANKER BANK OF THE YEAR 2024 NEPAL
Citizens Bank
Your Partner For Progress
सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड
०१ ५५७००६८
Support@ctznbank.com
www.ctznbank.com

मध्यान्ह
www.madhyanhadaily.com
७ वैशाख २०८२ आइतबार
20 April 2025, Sunday

# सत्ता साझेदारीमा कुनै समस्या नरहेको गृहमन्त्रीको स्पष्टोक्ति

**गण्डकी/मस–** गृहमन्त्री रमेश लेखकले सत्तासाझेदार दल नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) बीचको सम्बन्धमा कुनै समस्या नरहेको बताएका छन् ।

नेपाल प्रेस युनियन कास्कीद्वारा शनिबार पोखरामा आयोजित पत्रकार भेटमा उनले सत्तासाझेदारीमा दुवै दलबीच सौहार्दपूर्ण सम्बन्ध रहेको स्पष्ट पारे । सरकार आपसी सहमतिका साथ क्रियाशील रहेको उल्लेख गर्दै उनले भने, 'साथीहरुले सरकार ढल्छ-ढल्छ भनिदिनुहुन्छ अनि ढल्दैन है भनेर हामीले भनिरहनुपरेको छ ।' उनले संविधान विरोधी एवं लोकतन्त्र विरोधी गतिविधि




जनताले नरुचाएका बताए । लोकतन्त्रमा स्वतन्त्र प्रेस तथा सञ्चारमाध्यम रहने उल्लेख गर्दै गृहमन्त्री लेखकले लोकतन्त्र विरोधीहरूको पहिलो प्रहार नै सञ्चारमाध्यम हुने गरेका दृष्टान्त प्रस्तुत गरे । मुलुकमा सात दशकको अन्तरालमा सात वटा संविधान बन्नुले अस्थिरतालाई देखाउने बताउँदै उनले वर्तमान संविधानलाई पनि निष्क्रिय हुन नदिइने प्रतिबद्धता व्यक्त गरे साथै गृहमन्त्रीले कमीकमजोरीबाट सिक्ने र पुनः त्यस्तो हुन नदिनेतर्फ सचेत रहनुपर्ने विचार व्यक्त गरे ।

आमाका नामबाट नागरिकता प्रमाणपत्र जारी गर्नेसम्बन्धी विधेयक सदनमा प्रस्तुत गर्ने तयारी भइसकेको बताउँदै उनले यो समस्या चाँडै नै समाधान हुने विश्वास व्यक्त गरे । फरक प्रसङ्गमा उनले गभर्नर नियुक्तिमा कुनै समस्या नरहेको स्पष्ट गर्दै उपयुक्त व्यक्तिलाई उपयुक्त स्थानमा नियुक्त गरिने बताए । शिक्षकका माग पूरा गर्न सरकार प्रतिबद्ध रहेको बताए ।

# शिक्षकहरूको आन्दोलनका कारण अर्घाखाँचीमा भर्ना अभियान प्रभावित

**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, ६ वैशाख



बैशाख २ गतेबाट नयाँ भर्ना अभियान सुरु हुने कार्यक्रम नेपाल सरकारको रहेपनि काठमाडौंमा जारी शिक्षकको आन्दोलनका कारण अर्घाखाँचीमा भर्ना अभियान प्रभावित बनेको छ ।

अर्घाखाँचीका ६ पालिकाले लिएको कक्षा ८ को परीक्षाको नतिजा समेत प्रकाशित हुन नसकेपछि विद्यालयमा पढ्न जाने विद्यार्थी अन्योलमा परेको शिक्षा विकास तथा समन्वय ईकाइका प्रमुख विष्णु वेल्वासेले जानकारी दिए ।

जिल्लाका केही विद्यालयहरुको वार्षिक परीक्षाको नतिजा समेत प्रकाशन नभएको कारण विद्यार्थीहरु भर्ना हुन र पुस्तक किन्नबाट समेत बन्चित भएका हुन् । जिल्लामा कक्षा ८ को सबै परीक्षापालिकाले लिएका थिए । पालिकाले परीक्षा सञ्चालन गर्ने र उत्तर पुस्तिका पनि पालिकामै गर्ने नीति थियो । तर यस वर्ष अहिलेसम्म कापी जाँचेर सकिएको छैन् । जसका कारण नतिजा प्रकाशन हुन सकेको छैन् ।

राज्यले विगतमा शिक्षकहरुसँग गरेको सम्झौता अनुसार काम नगरेपछि शिक्षकहरु बाध्य भएर आन्दोलनमा उत्रिनु परेको शिक्षक महासंघ अर्घाखाँचीका अध्यक्ष नामबहादुर भाटले बताए । शिक्षकका कारण भन्दा पनि राज्यका कारण शैक्षिक गतिविधिहरु ठप्प रहेको बताउँदै राज्यले चाहे समस्या समाधान हुने भाटको भनाइ छ । आफूहरूसँग भएका सहमतिका आधारमा यथाशिघ्र विद्यालय शिक्षा ऐन जारी गर्नुपर्ने भन्दै नेपाल शिक्षक महासंघले महासंघले लगातार १८ दिन सम्म काठमाडौं केन्द्रीत आन्दोलन गर्दै आएका छन् । शिक्षकहरूको आन्दोलनका कारण नयाँ शैक्षिक सत्र प्रभावित भएको पालिकाहरुले जनाएका छन् ।

# साक्षर स्थानीय तह घोषणा गर्न अन्तरक्रिया

**कमल कुमाल/मध्यान्ह**
कालीकोट, ६ वैशाख

कालीकोटको सदरमुकाम मान्ममा साक्षर स्थानीय तह घोषणा समन्वय र सहजीकरण सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । खाँडाचक्र नगरपालिकाको समन्वय तथा सामाजिक विकास कार्यालय, कालीकोटको आयोजनामा संचालन गरिएको कार्यक्रममा सामाजिक विकास कार्यालय कालिकोटका प्रमुख रछ्याने लोहारको अध्यक्षता रहेको थियो ।




कार्यक्रममा खाँडाचक्र नगरपालिकाका नगरप्रमुख कमल बहादुर शाही, शिक्षा विकास तथा समन्वय ईकाइ, कालीकोटका प्रमुख लालप्रसाद पोखरेल, खाँडाचक्र नगरपालिकाका शिक्षा शाखा प्रमुख जशी प्रसाद चौँलागाई, गैरसरकारी संस्था महासंघ (गैरस.स) कालीकोटका अध्यक्ष दिलिप शाही, नागरिक समाजका प्रतिनिधि विभिन्न वडाका वडाध्यक्ष तथा सञ्चारकर्मीहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

कार्यक्रममा बोल्दै सामाजिक विकास कार्यालय कालीकोटका प्रमुख लोहारले कालीकोट जिल्लालाई साक्षर घोषणा गर्ने लक्ष्य राखेको बताए ।

उनले भने, 'जिल्लाका ९ वटा स्थानीय तहमध्ये ८ वटा पालिका सारक्षता पालिका घोषणा भइसकेको र अब हामिले खाँडाचक्र नगरपालिकालाई पनि कसरी साक्षर पालिका घोषणा गर्न सकिन्छ भन्ने बारे जानकारी दिँदै साक्षरतालाई प्रभावकारी बनाउन स्थानीय निकाय र सरोकारवाला निकायहरूको सहकार्य अपरिहार्य रहेको छ ।' त्यस्तै नगरप्रमुख कमल बहादुर शाहीले भने,'पालिकालाई साक्षरता घोषणा गर्ने लक्ष्य हाम्रो पहिले नै थियो, तर विविध कारण हुन सकेन, अबको केही समयभित्रै हामिले नगरपालिकालाई साक्षरता पालिका घोषणा गर्ने लक्ष्य रहेको र कार्यक्रमबाट केही महत्वपूर्ण निर्णयहरु समेत गरिएको छ ।'

पालिकालाई साक्षरता घोषणा गर्न राष्ट्रिय साक्षरता मापदण्डअनुसार १५ वर्षदेखि ५९ वर्ष उमेर समूहका जनसंख्यामध्ये ७८ प्रतिशतमाथि साक्षर भएमा साक्षर पालिका घोषणा गर्न सकिने प्रावधान रहेको छ ।

जसमा कालीकोट जिल्लाको साक्षरता दर कुल साक्षरता दर ७२.७ प्रतिशत रहेको छ । यसमा पुरूषको साक्षरता दर ७९.८ प्रतिशत र महिलाको साक्षरता दर ६५.८ प्रतिशत रहेको छ ।

# परराष्ट्रमन्त्री डा.राणा बैंकक जाँदै, युएनस्केपको अध्यक्षता गर्ने

**काठमाडौं/मस–**परराष्ट्रमन्त्री डा.आरजु राणा देउवा आज थाइल्याण्डको बैंकक जाने भएकी छन् । यही २१ देखि २५ अप्रिलसम्म बैंककमा आयोजना हुने संयुक्त राष्ट्रसंघीय एशिया तथा प्रशान्त क्षेत्रीय आर्थिक तथा सामाजिक आयोग (युनाइटेड नेसन्स् इकोनोमिक एण्ड सोसियल कमिसन फर एसिया एण्ड द प्यासिफिक (युएनस्केप) को ८१ औँ सत्रमा सहभागी हुन उनी त्यसतर्फ जान लागेकी हुन् ।



नेपाल हाल युएनस्केपको अध्यक्ष रहेकाले मन्त्री डा. राणाले उक्त आयोगको ८१औँ सत्रको अध्यक्षता गर्ने कार्यतालिका रहेको छ । सो सत्रलाई मन्त्री डा.राणाले नेपालका तर्फबाट सम्बोधन गर्ने कार्यक्रम रहेको छ ।

यस सत्रको विषय वस्तु एशिया तथा प्रशान्त क्षेत्रमा दिगो सहरी विकासका लागि क्षेत्रीय सहयोग रहेको छ ।

सो सत्रमा मन्त्री डा.राणाको नेतृत्वमा परराष्ट्र मन्त्रालय, राष्ट्रिय योजना आयोग र थाइल्याण्डस्थित नेपाली दूतावासका अधिकारीहरू सम्मिलित नेपाली प्रतिनिधिमण्डल सहभागी हुने कार्यक्रम छ । उनीहरु यही अप्रिल २५ मा स्वदेश फर्कने कार्यक्रम छ ।

# चिकित्सकलाई निःशर्त काममा फर्कने वातावरण सुनिश्चितता गर्नुपर्ने माग

**काठमाडौं/मस–**चिकित्सा शिक्षा आयोगको १६औं बैठकले आवासीय चिकित्सकलाई संघीय सरकारको आठौं तह सरहको रु ४८ हजार ७३७ निर्वाह भत्ता दिनेभनी गरेको निर्णय तत्काल लागू गर्नुपर्ने नेपाल चिकित्सक संघले माग गरेको छ ।

चिकित्सा शिक्षा आयोगको यही वैशाख ३ गतेको बैठकले सिट पुनरावलोकनका साथै शुल्क समायोजनसम्बन्धी कार्यदल गठन गरेको थियो । उक्त विषयमा संघको शनिबार बसेको केन्द्रीय कार्यकारिणीको नियमित बैठकले गरेको निर्णय अनुसार प्रदर्शनरत आवासीय चिकित्सकलाई निःशर्त र सुरक्षित रूपमा काममा फर्कने वातावरणको सुनिश्चितता गर्नुपर्ने माग गरेको हो ।

बैठकपछि संघका महासचिव डा.सञ्जिव तिवारीद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'प्रदर्शनरत आवासीय चिकित्सकलाई निःशर्त र सुरक्षित रूपमा काममा फर्कने वातावरणको सुनिश्चितता गर्नुपर्ने माग पूरा नभएसम्म यो कार्यदलको काम कारबाहीमा सहभागी नहुने भनी गरिएको निर्णय संयोजकलाई जानकारी गराउन चाहन्छु ।'

## आफ्नै...

रहेका सामाजिक सञ्जाल प्ल्याट्फर्महरूलाई ३ महिनाभित्र सूचीकृत हुन आग्रह गरेको थियो । सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्नेसम्बन्धी निर्देशिका, २०८० सोही वर्षको ११ मंसिरमा जारी भएसँगै सूचीकरण कार्य कार्यान्वयनमा आएको थियो ।

फेसबुक, इन्स्टाग्राम, थ्रेड्ससँगै एक्स (ट्विटर), युट्युब, गुगल, लिंक्डइनजस्ता सामाजिक सञ्जाल प्लाटफर्म नेपालमा सूचीकृत गर्नुपर्ने व्यवस्थासहित सरकारले 'सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका २०८०' लागू गरेको हो ।

निर्देशिकाअनुसार सामाजिक सञ्जाल सेवा प्रदायकहरू नेपालको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा दर्ता हुनुपर्छ ।

दर्ता भएका सेवा प्रदायकले प्रत्येक ३ वर्षमा इजाजतपत्रको नवीकरण गर्नुपर्ने र नेपालको कानुनविपरीतका विज्ञापन प्रयोगकर्ताकहाँ नआउने गरी प्रविधि विकास गर्नुपर्ने भनिएको छ ।

कम्पनी सूचीकरण हुनुपर्ने, नेपालमा सम्पर्क बिन्दु (पोइन्ट अफ कन्ट्याक्ट) स्थापित गर्नुपर्ने र कुनै गुनासो आएका अवस्थामा सुनुवाइका लागि कुनै व्यक्तिलाई जिम्मेवारी तोक्नुपर्ने लगायतका व्यवस्था निर्देशिकाले गरेको छ ।

सामाजिक सञ्जालहरूलाई तिनका प्रयोगकर्ताको संख्याका आधारमा वर्गीकरण गरिने निर्देशिकामा उल्लेख छ ।

एक लाखभन्दा कम प्रयोगकर्ता भएको सामाजिक सञ्जालका प्ल्याट्फर्मलाई साना र एक लाखभन्दा बढी प्रयोगकर्ता भएकालाई ठूला प्ल्याट्फर्मका रूपमा वर्गीकरण गरिएको छ ।

सरकारले यी प्ल्याट्फर्महरू सूचीकृत नभए बन्द गर्ने चेतावनी पटक पटक दिँदै आएको छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले मेटा नामक कम्पनी (फेसबुक) लाई नेपालमा सम्पर्क केन्द्र तोक्न गरेको आग्रह अटेर गरेको छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वीसुब्बा गुरुङले देशको स्वतन्त्रता, भौगोलिक अखण्डता, स्वाधीनता र समुदायको हितका लागि सामाजिक सञ्जालको नियमन आवश्यक रहेको बताएपनि मेटा सूचीकृत भएको छैन ।

नेपालमा अहिले भाइबर, टिकटक, विच्याटलगायत केही सामाजिक सञ्जालमा सूचीकृत भएका छन् । सरकारले एक्स, फेसबुक, ह्वाट्स्याप तथा इन्स्टाग्रामको सञ्चालक कम्पनी मेटालाई २/२ पटक पत्राचार गरेर सूचीकृत गर्न आग्रह गरेको थियो ।

मन्त्री गुरुङले मेटालाई सम्पर्कमा आउनुपर्ने विषयमा बारम्बार दबाब दिइरहँदा अटेरी गरेको स्वीकार गरे । 'मेटाले सरकारलाई टेर्दैन, यति भन्दैमा हामीले उम्किन भने दिँदैनौं । जसरी पनि नेपाल सरकारप्रति जवाफदेही बनाउँछौं र सम्पर्क केन्द्र सूचीकृत गराउछौं', उनले भने ।

सामाजिक सञ्जाल प्ल्याट्फर्महरूलाई सूचीकृत हुन भन्दै सूचना निकालेको मन्त्रालयले तोकिएको म्याद सकिएपछि सूचीकृतका लागि अब फेरि कुनै सूचना प्रकाशित नगर्ने मन्त्रालयका एक अधिकारीले बताए ।

मन्त्रालयले दिएको एकमहिने म्याद आइतबार सकिनै लाग्दा नेपालमा उल्लेख्य संख्यामा प्रयोगकर्ता भएका फेसबुक र एक्सजस्ता सामाजिक सञ्जालको भविष्य के हुने भन्ने चासो पनि बढेको छ ।

तर जानकारहरूले अधिकांशले प्रयोग गरिरहेको सामाजिक सञ्जाललाई बन्द गर्नु सरकारलाई जोखिम हुने बताउँछन् ।

## बन्द...

प्रतिबन्ध लगाउन सक्ने अधिकार सरकारसँग छ तर त्यो विकल्पमा तत्काल जाने मनस्थिति सरकारको नरहेको अधिकारीहरू बताउँछन् ।

सामाजिक सञ्जाल प्ल्याट्फर्महरू सम्बन्धित देशको कानुनप्रति र सँगसँगै प्रयोगकर्ताप्रति पनि जवाफदेही हुनुपर्ने अधिकारीहरूको भनाइ छ ।

पटकपटक चेतावनी दिँदै आए पनि सरकार दर्ता नभएका सामाजिक सञ्जाललाई प्रतिबन्ध नै लगाउने हदसम्म जानेमा स्वयं अधिकारीहरू विश्वस्त छैनन् । यद्यपि राज्यले चाहेमा त्यो गर्न नसक्ने अधिकार भने छ ।

## विदेशी...

सर्त प्रस्ताव गरिएको छ ।

नेपालले विदेशी प्रविधि कम्पनीलाई वार्षिक कारोबारको २ प्रतिशत डीएसटी शुल्क लगाउँदै आएको छ । नेपालमा माइक्रोसफ्ट, गुगल, मेटा, एडोबी, नेटफ्लिक्स, अमेजन, एप्पलजस्ता अमेरिकी प्रविधि कम्पनीले गत आर्थिक वर्ष २०८०/८१ मा साढे ४१ करोड रुपैयाँ डीएसटी तिरेका थिए ।

आर्थिक ऐन २०८० बमोजिम वार्षिक २० लाख रुपैयाँभन्दा बढी कारोबार गर्ने गैरबासिन्दा व्यक्ति वा कम्पनीले नेपालमा भएको वार्षिक कारोबार मूल्यको २ प्रतिशत विद्युतीय सेवा कर र १३ प्रतिशत भ्याट तिर्दै आएका छन् । सरकारको निर्देशिकाअनुसार उनीहरूले नेपालमा व्यवसाय दर्ता गरेमा १३ प्रतिशत भ्याट मात्र तिरे पुग्ने र त्यसबाट नेपालले पाउँदै आएको राजस्व गुम्न सक्ने राजस्वसम्बन्धी अधिकारीको भनाइ छ ।

## एजेन्डाको...

समर्थन गर्नुपर्छ, त्यसलाई हामी स्वागत गर्छौं ।' तीनकुनेमा भएको हिंसात्मक आन्दोलनले २ युवाको ज्यान लियो भने व्यक्तिगत सम्पत्ति नष्ट हुनुकासाथै दर्जनौं घरहरू आंशिक र पूर्ण क्षति भए । सो घटनापछि राजावादीहरूको राजनीतिक अभियानले नै नकारात्मक मोड लिन पुगेको राप्रपाका नेताहरूले स्वीकार गरेका छन् । उक्त घटनामा पार्टीका बरिष्ठ उपाध्यक्ष रविन्द्र मिश्र र महामन्त्री धवल शमशेर राण समेत १५ चैत देखि हिराशतमा छन् । पार्टीले बैठकले समान विचार र एजेन्डा भएका पार्टी,संस्था तथा अभियानलाई समर्थन गर्ने तर आफै सहभागि नहुने निर्णय गरेको थियो । पार्टीको निर्णय विपरित नेताहरू अभियानमा संलग्न भएर नकारात्मक परिणाम आएपछि ती नेताहरू समेत कारबाहीको 'रेडलिष्ट'मा परेका छन् । राप्रपाले उनिहरूलाई कारबाही गर्न सक्ने एक पदाधिकारीले बताए । यही विषयलाई लिएर ४ वैशाखमा भएको पार्टीको कार्यसम्पादन समितिको बैठकले समान विचारधारा भएपनि पार्टीभन्दा बाहिरका समूह वा अभियानको कार्यसमितिमा रहेर नेताहरूले कार्य गरेको पाइए स्वतः पदमा नरहने निर्णय दोहोर्‍याएको छ । सोही निर्णय गत पुस ५ र ६ गतेको बैठकले समेत गरेको थियो । बिहीबार पार्टी कार्यालय धुम्बाराहीमा बसेको बैठकले गरेका निर्णय सार्वजनिक गर्दै पार्टी प्रवक्ता मोहन श्रेष्ठद्वारा जारी प्रेस विज्ञप्तिमा 'राष्ट्रवादी विचार भएका दल, अभियान, समूहले गर्ने कार्यक्रमलाई पार्टीले सहयोग गर्ने तर त्यस्ता दल अभियान वा समूहको समितिमा रहेर कार्य गरेको पाइएमा स्वतः पदमा नरहने केन्द्रीय कार्यसम्पादन समितिको यस पूर्वको निर्णय सबै कार्यसमितिलाई जानकारी गराउने' भनिएको छ ।

राप्रपाको यो निर्णय कार्यान्वयन भएको खण्डमा नवराज सुवेदी नेतृत्वको 'राजसंस्था पुनर्स्थापनाका लागि संयुक्त जनआन्दोलन समिति'मा सक्रियतापूर्वक लागेका पार्टीका पूर्वअध्यक्ष पशुपति शमशेर राणा, पार्टी निर्देशक समितिका अध्यक्ष डा. प्रकाशचन्द्र लोहनी, पार्टी उपाध्यक्ष रवीन्द्र मिश्र, पार्टी महामन्त्री डा. धवलशमशेर राणाको पद जाने पक्का छ । उनिहरूलाई पार्टीले पुरानो निर्णय स्मरण गराउँदै ४ वैशाखको निर्णयले सचेत गराएको छ ।

पार्टीको यस्तो निर्णपछि राप्रपा समेत आन्तरिक द्वन्द्वको चपेटामा परेको छ । विवादीत निर्णय गरेको भन्दै पशुपतिशमशेर, प्रकाचन्द्र, रविन्द्र र धवलशमशेर पक्षका कार्यकर्ताले विरोध जनाएका छन् । तर राप्रपाका केन्द्रिय सदस्य हिकमतजंग कार्कीले पार्टी कार्यसम्पादन समितिको बैठकले गरेको निर्णय कार्यान्वयन हुने बताए । उनले भने 'पार्टीले गरेको निर्णय कार्यान्वयन हुने कुरा स्वभाविक हो । तर, गत १५ चैतमा भएको घटनामा जोडिएर पक्राउ परेका नेताहरूको विषय फरक छ । आधिकारीकरूपमा उहाँहरू कुनै त्यस्तो संगठनमा जिम्मेवारीमा रहेको देखिदैन । उजूरी पर्‍यो भने वा नेताहरू त्यस्ता अभियान वा संगठनमा बसेको पुष्टि भएको खण्डमा पार्टीको छानविन गर्ने निकाय छ त्यसले आवश्यक छानविन गरेर अद्धिघ बढ्छौं ।' अहिले बाहिर आएका कुरालाई आधिकारीकता मान्न नसकिने उनले बताए । कार्कीले यसो भनिरहँदा ती नेताहरू नवराज सुवेदीको समितिको बैठकमै बसेका तस्वीहरू सार्वजनीक छन् । सोही समितिमा राखिएका पार्टीका अध्यक्ष राजेन्द्र लिङदेनले आफूलाई नसोधी राखिएको भन्दै तत्काल वक्तव्य जारी गरेका थिए । तर, मिश्र, लोहनी, धवल र पशुपतिशमशेरले पत्रकार सम्मेलन नै गरेर नवराज सुवेदी नेतृत्वको अभियानलाई साथ दिएर जाने जवाफ दिएका थिए ।

अध्यक्ष राजेनद्र लिङ्देनले पार्टी भित्र आफ्नो पकड बलियो बनाउन पार्टीका केही नेताहरुलाई हटाई केहीलाई तर्साउने र केहीलाई फकाउने योजना बनाएको कतिपयले टिप्पणी गरेका छन् । संवैधानिक राजतन्त्र, हिन्दुराज्य र संघीयता विरोधी शक्तिको रुपमा संसदमा आफू नेतृत्वको राप्रपाको उपस्थिति बलियो हुँदा हुँदै पूर्वराजा ज्ञानेन्द्र शाहले "डेट एक्पायर" पूर्वपञ्च नेता नवराज सुवेदीलाई गणतन्त्रविरोधी आन्दोलनको जिम्मेवारी दिएपछि राप्रपाका नेताहरू पूर्वराजा शाहसँग चिढिएका छन् ।

यद्यपि राजसंस्था पुनर्स्थापनाको एजेन्डालाई पार्टीको तर्फबाट अभियानहरू गर्दै आएको राप्रपाले गत २६ चैतमा राजधानीमा प्रदर्शन गरेको थियो भने (आज) ७ वैशाखमा निषेधित क्षेत्रमा प्रदर्शन गर्ने र आगामी दिनमा आन्दोलनलाई थप सशक्त बनाउन सो पार्टीका उपाध्यक्ष बुद्धिमान तामाङले बताए ।

यसैबीच गृह मन्त्रालयले निषेधित क्षेत्र तोड्दै प्रदर्शन गर्ने निर्णय गरेको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)लाई सचेत गराएको छ । राप्रपाले आइतबार बिजुलीबजार क्षेत्रमा प्रदर्शन गर्दैछ । उक्त प्रदर्शनमा निषेधित क्षेत्र तोड्नेगरी अघि बढ्ने राप्रपाले बताएको छ । त्यसतर्फ ध्यानाकर्षण गराउँदै गृह मन्त्रालयले कानुन अनुसार कारबाही हुने बताएको हो ।

## पूर्वराजासँग...

खालका नभएको भन्दै उनले बोल्न चाहेनन् । तर, करिव डेढघण्टा बसाइकाक्रममा पूर्वराजा शाहले राजतन्त्रको पक्षमा जनमत बढेपनि राजावादी समूह नै एकताबद्ध नभएको गुनासो गरेको बताईएको छ । पूर्वराजाले नयाँ वर्षको अवसरमा आफ्ना सहयोगी दलका नेताहरूलाई बोलाएर लन्चसहितको छलफल गर्नुलाई राप्रपाका नेताहरूले नियमित हुने घटनाकारूपमा अर्थ्याएका छन् ।

एजेन्डामा एक देखिएका शक्तिबीच आन्दोलनमा समेत एकताबद्ध हुन सकेको खण्डमा गणतन्त्रविरुद्ध जनमत बढ्ने र राजतन्त्र फर्काउने यात्रामा सहयोग पुग्ने पूर्वराजाको धारणा रहेको श्रोतको दाबी छ । तीनकुने घटनाको विषयले पनि छलफलमा चर्चा पाएको बताइएको छ । ७ फागुनमा देशको समृद्धि र उन्नतिका निमित्त साथ दिन सबै देशवासीहरूलाई आह्वान गरेका पूर्वराजा शाहले राप्रपाका नेतालाई बोलाएर गरेको छलफलपछि तीतर बितर भएका राजावादीहरू पूनः एक हुनसक्ने सन्देश दिएको भन्दै राजनीतिकबृत्तमा यसलाई महत्वकासाथ हेरिएको छ । राजावादीहरूको पछिल्लो राजनीतिक मुभमेन्ट र पूर्वराजा शाहको गतिविधिलाई लिएर राजनीतिक तरंग उत्पन्न भएको छ । गणतन्त्रवादी दलहरू एक भएर राजावादीहरूको गतिविधिका विरुद्ध खवरदारी गरिरहेका छन् ।

## गणतन्त्रको ...

नेकपा (एमाले) का अध्यक्ष ओली, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', गृहमन्त्री रमेश लेखक, प्रधानमन्त्रीका मानव अधिकार तथा सङ्क्रमणकालीन न्यायसम्बन्धी सल्लाहकार अग्नि खरेल सहभागी थिए ।

छलफलमा सङ्क्रमणकालिन न्यायसँग सम्बधित २ आयोगमा पदाधिकारी चयनका लागि गठित सिफारिस समितिले गरिरहेका कामबारे सामान्य जानकारी गराउने काम पनि भएको सल्लाहकार खरेलले जानकारी दिए ।

बैठकपछि दाहाल र देउवाले अभिव्यक्ति सार्वजनिक गरिसकेका छैनन् । तर प्रधानमन्त्री ओलीले फेसबुकमा एक पोस्ट सार्वजनिक गरेका छन् ।

'वर्तमान राजनीतिक व्यवस्था र संविधानको रक्षाका विषयमा प्रमुख दलका शीर्ष नेताहरूसँग महत्त्वपूर्ण परामर्श भयो,' प्रधानमन्त्री ओलीले लेखेका छन्, 'समावेशी गणतन्त्रको रक्षा गर्दै शान्ति सुव्यवस्था कायम राख्न सबै राजनीतिक शक्ति एकताबद्ध हुनुपर्नेमा हामी सहमत छौँ ।'

यस्तै 'सङ्क्रमणकालीन न्यायका मुद्दाहरूलाई पनि प्राथमिकतामा राखेर अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछौँ' भनेर ओलीले लेखेका छन् ।

## नेपालमा...

बागलुङवासीले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत काम गर्न अक्षयकोष स्थापना गरेकोमा धन्यवाद व्यक्त गर्दै त्यस कोषमा १५ लाख सहयोग गर्ने घोषणा गरे ।

## एसोसिएसनद्वारा...

सदस्य सविता सिहले १५ हजार रूपैयाँ योगदान गरेका छन् ।

एसोसिएसनको सहयोग प्रति धन्यवाद दिँदै संस्थाकी अध्यक्ष रेबिका सहनीले अप्ठ्यारो परिस्थितिमा प्राप्त सहयोगले विपन्न तथा अविभावकबिहीन बालबालिको शिक्षादिक्षाका लागि हौसला बढ्ने भन्दै एसोसिएसनको सहयोगले संस्थालाई थप ऊर्जा प्रदान गरेको बताइन् । उनले भविष्यका दिनमा पनि सहयोग गर्न आग्रह गरिन् ।

एसोसिएसन कार्यबाहक महासचिव पुरीले क्षमता र सामथ्र्यले भ्याएसम्म एसोसिएसनले सामाजिक सेवाका कामहरूलाई निरन्तरता दिने योजना रहेको बताए । सहयोग हस्तान्तरण कार्यक्रममा एसोसिएसनका वरिष्ठ उपाध्यक्ष विनोदजंग केसी, उपाध्यक्ष रामप्रसाद गैरे, सदस्य सविता सिह र रोशना निरौला लगायतको उपस्थिति थियो ।

# सरकारको कमजोरीमा प्रतिगामी षड्यन्त्र मौलाउँदैछ : अध्यक्ष प्रचण्ड



काठमाडौं/मस-नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) ले कहिले कसैसँग कहिले कसैसँग मिल्दा त्यसको परिणाम जनतालाई राम्रो नभएको बताएका छन्।

शनिबार नेवाः राष्ट्रिय मुक्ति मोर्चाको तेस्रो राष्ट्रिय सम्मेलनको उद्घाटन समारोहमा बोल्दै उनले माओवादी आत्मालोचनासहित उत्पीडित वर्ग र समुदायको हक अधिकारलाई समाजवादको दिशामा अगाडि बढाउन सँधै प्रतिवद्ध रहेको बताएका हुन्।

उनले भने, 'हामीले कहिले कसैसँग कहिले कसैसँग सहमति गर्दा त्यसको परिणाम जनातालाई राम्रो भएन । जबसम्म सम्पूर्ण रुपले नेवा समुदायको पहिचान स्थापित हुनेछैन तबसम्म माओवादी केन्द्रले तपाईंहरुको साथ छोड्ने छैन् । तपाईंहरु हामीलाई साथ दिनुहोस् । अहिले प्रतिगामी षड्यन्त्र जो देखा पर्न खोजेको छ त्यो अहिलेको सरकारका गलत काम क्रियाकलापका कारणले धमिलो पानीमा माछा मार्ने दुस्साहसजस्तो गरेका छन्। त्यो सफल हुने छैन। सरकारका गलत क्रियाकलापका विरुद्ध खबरदारी पनि हो। र प्रतिगामी षड्यन्त्रकाविरुद्ध चुनौति पनि हो। यसलाई सफल हुन दिइने छैन।'

साथै उनले नेवा समुदायको पहिचान पूरै स्थापित नभएसम्म माओवादी केन्द्रले साथ नछाड्ने बताए । उनले अहिलेको सरकार र राजावादीहरूलाई लक्षित गर्दै प्रतिगामी षड्यन्त्रकाविरुद्ध एकजुट हुन समेत अग्रह गरे।

# स्थानीय तहका कर्मचारी पनि आन्दोलनमा



**काठमाडौं-मस**/स्थानीय तहका कर्मचारी पनि आन्दोलनमा उत्रेकका छन् । स्थानीय सेवा कर्मचारी सञ्जाल नेपालले शनिबार विज्ञप्ति जारी गर्दै आइतबारदेखि आन्दोलन गर्ने जनाएको हो ।

सञ्जालका महासचिव दिपक सिंह धामीले जारी गरेको विज्ञप्तिमा आइतबार ७५३ वटै पालिकाका प्रमुखमार्फत राज्य व्यवस्था तथा सुशासन समितिका सभापति, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री, कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्री र मुख्य सचिवलाई ध्यानाकर्षण गराउने उल्लेख गरिएको छ ।

यस्तै सोमबार काठमाडौंमा भेला भएर दबाबमूलक कार्यक्रम गर्ने र ७५३ वटै स्थानीय तहमा कालो पट्टी बाँधेर काम गर्ने जनाएको छ । माग पूरा नभए शुक्रबार काठमाडौं केन्द्रित सडक आन्दोलन तथा सम्पूर्ण ७५३ वटै स्थानीय तहमा पेन डाउनका कार्यक्रम गर्ने विज्ञप्तिमा उल्लेख गरिएको छ ।

सञ्जालले स्थानी तह कर्मचारी संघर्ष समितिसँग सरकारले गरेका सम्झौतालाई लत्त्याउँदै संघीय निजामती सेवा विधेयक राज्य व्यवस्था तथा सुशासन समितिले अगाडि बढाएको आपत्ति जनाएको छ । यस्तै मुख्यसचिव एकनारयण अर्यालले दिएको अभिव्यक्तिप्रति पनि गम्भीर ध्यानाकर्षण भएको भन्दै सञ्जालले उक्त अभिव्यक्तिको भर्त्सना समेत गरेको छ ।

यस्तै राज्य व्यवस्था तथा सुशासन समितिले स्थानीय तहका कर्मचारीका मागका विषयमा संशोधन प्रस्ताव दर्ता भएका दफाहरूमा आफूहरूसँग छलफल नगरेको र उपसमितिले पनि स्थानीय तहका कर्मचारीका विषयलाई बेवास्ता गर्दै प्रतिवेदन बुझाएको भन्दै सञ्जालले ध्यानाकर्षण भएको जनाएको छ ।

यसअघि सरकार र स्थानीय तहका कर्मचारीबीच ऐनमा सङ्घ, प्रदेश र स्थानीय सेवाका कर्मचारीहरूको सेवा र शर्तका विषयमा न्यूनतम मापदण्ड समावेश गर्ने, प्रदेशले कानुन निर्माण गर्दा पालना गर्नुपर्ने मापदण्डमा स्थानीय सेवाका स्थायी कर्मचारीलाई निजामती कर्मचारीका रूपमा परिभाषा भित्र समेटिनुपर्नेलगायतका विषयमा सहमति भएको थियो ।

# जिम्मेवारी तहमा पुगेकाहरू इमान्दार हुनुपर्छ : सभामुख



**काठमाडौं/मस**-सभामुख देवराज घिमिरले कानुन कार्यान्वयनको सम्बन्धमा सांसदहरुले अध्ययन गर्ने आधार नभएको बताएका छन् ।

शनिबार राष्ट्रिय शासन शिखर सम्मेलन २०२५ कार्यक्रममा बोल्दै उनले बनेका कानुनको प्रभावकारी कार्यान्वयनको लागि सांसदहरुले सोच्ने, बुझ्ने र अध्ययन गर्ने आधार नभएको बताएका हुन् ।

उनले भने, 'बनेको कानुनको कार्यान्वयन कसरी भईरहेका छन् भन्ने कुरा संसदले जति सांसद हुनुहुन्छ उहाँहरुलाई सरकारले कसरी काम गरिरहेको छ हामीले बनाएका कानुनहरु कार्यान्वयनमा कसरी गईरहेका छन् । त्यसमा सुधार गर्नुपर्ने जरुरी छ कि छैन । संशोधन गर्न जरुरी छ कि छैन । कानुनको प्रभावकारी कार्यान्वयनको लागि सरकारलाई कसरी निर्देशन गर्ने यतापट्टि सोच्ने बुझ्ने अध्ययन गर्ने आधार छैन । उहाँहरु जे काम गर्दै गइरहेको छ त्यसमा व्यस्तताका साथ काम गर्न परेको छ ।'

सभामुख घिमिरले जिम्मेवारी तहमा पुगेकाहरु इमान्दार हुनुपर्ने बताए । 'जिम्मेवारी तहमा सुशासन दिने दृढता हुनुपर्यो जिम्मेवारी तहमा इमान्दार हुनुपर्यो र त्यो गर्छु भन्ने प्रतिवद्धताको साथै समर्पणको पनि जरुरी हो,' उनले भने । उनले पछाडि परेका समुदायलाई अगाडि बढाउन परिणाममुखी ढंगबाट काम गर्नुपर्ने बताए । 'समाजमा पछाडि परेको समाजलाई अगाडि बढाउने कुरा लामो प्रक्रिया हो । भन्ने बित्तिकै आउँदैन । कानुनी प्रवर्धनले मात्र पनि त्यो आवश्यकता पुरा गर्न सक्दैन । तर नीति बनाएर कार्यान्वयनमा लागेपछि कुन हदसम्म पछाडि पारिएका परेका वा दुर्गम क्षेत्रकाहरुलाई समावेश गर्ने कुरा कति भएको छ यसको समीक्षा गर्दा देखाउने कुरामा भइरहेको छ भन्दा पनि परिणाममुखी ढङगबाट जानुपर्छ,' उनले भने ।

# 'नदीमा ढल मिसाउने अवस्थाको अन्त्य गर्न जरुरी'



**काठमाडौं/मस**-उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले सरकारले काठमाडौंका नदी सफा गर्न ठोस कार्यक्रम ल्याउने बताएका छन् ।

काठमाडौंको वडा नं १० बुद्धनगरवासीद्वारा सञ्चालन गरिएको 'सके सफा गरौं नसके फोहर त नगरौं' भन्ने नारासहितको बुद्धनगर सरसफाइ अभियानको १० वर्ष पूरा भएको उपलक्ष्यमा शनिबार यहाँ आयोजित कार्यक्रममा उनले नदी सफा गर्नका लागि नदीमा ढल मिसाउने अवस्थाको अन्त्य गर्नुपर्ने बताए ।

उपप्रधानमन्त्री सिंहले नदी सफा गर्नका लागि काठमाडौं उपत्यका विकास प्राधिकरण, बागमती सभ्यता एकीकृत विकास समितिलगायतसँग छलफल गर्ने र लगानीको लक्ष्य र उद्देश्यअनुरूप प्रतिफल प्राप्त नभएको पक्षलाई विश्लेषण गर्न जरुरी रहेकामा जोड दिए ।

उपप्रधानमन्त्री सिंहले बुद्धनगरवासीले सानो भए पनि सकारात्मक कामलाई निरन्तरता दिएर रचनात्मक कामलाई जारी राखेको भनी अभियन्ता र सहभागीप्रति आभार प्रकट गर्दै बधाई दिए । उनले उक्त अभियानमा आबद्ध हुन सबैलाई आह्वान समेत गरे । उक्त अभियानबाट टोलवासीको मनमा सकारात्मक दियो बाल्ने प्रयास गरिएको र त्यो सफल भएको उल्लेख गर्दै मन्त्री सिंहले सरसफाइ अभियान २०७२ को भूकम्प अगाडि नै सुरु भइ ५२२ हप्ता पूरा गरेको जानकारी दिए ।

कार्यक्रमका अभियन्ता संविधानसभाका पूर्वसदस्य मोहनकुमार राईले सार्थक परिवर्तनका लागि सानै काम गरौं भन्ने भावनाले प्रेरित भई बुद्धनगर सफाइ अभियान सञ्चालन गरेको र यसलाई १० वर्षसम्म निरन्तरता दिन सकिएको उनले बताए ।

थर्ड आई युथ क्लबका सुवास राईको समाजमा केही गरौं भन्ने भावनाबाट यो अभियान सुरु गरी यसलाई हालसम्म निरन्तरता दिइएकाले दुनियाँले के भन्छ भन्ने कुरामा नलागी आत्मसन्तुष्टिका लागि काम गरिएको बताए ।

यसअघि बुद्धनगरस्थित सेतो गणेशस्थानबाट सुरु भएको सरसफाइ कार्यक्रमका सभापति समाजसेवी सप्तराज बज्राचार्यले सहभागी सबैलाई सरसफाइलाई निरन्तरता दिइ १० वर्ष पूरा गरेकामा धन्यवाद दिए । कार्यक्रममा बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछाने, कांग्रेस नेतृ सृजना सिंह र नेपाली काँग्रेस क्षेत्र नं १ का सभापति रविन्द्रविक्रम राणालगायत सहभागी थिए ।

# स्थापना दिवसमा नेविसंघको रक्तदान र वृक्षरोपण



**काठमाडौं/मस**-नेपाल विद्यार्थी संघ (नेविसंघ) ले ५६ औं स्थापना दिवसको अवसरमा वृक्षारोपण गरेको छ । नेविसंघ त्रिभुवन विश्वविद्यालय समिति कीर्तिपुरले वृक्षारोपण गरेको हो ।

नेविसंघ त्रिवि समिति सभापति विष्णु बडैलाका अनुसार स्थापना दिवसको अवसर पारेर वृक्षारोपण गर्नुका साथै नयाँ वर्ष २०८२ सालको शुभकामना आदानप्रदान कार्यक्रम समेत गरिएको हो । उक्त कार्यक्रमको प्रमुख अतिथिमा नेपाली कांग्रेसका नेता प्रकाश शरण महत थिए। नेविसंघले घडीघर वरपर वृक्षारोपण गरेको हो ।

नेपाली कांग्रेस गुल्मी काठमाडौं सम्पर्क समितिले नयाँ वर्ष २०८२ को अवसरमा शुभकामना आदान-प्रदान एवं रक्तदान कार्यक्रम गरेको छ ।

गुल्मीबाट काठमाडौं आइ विभिन्न पेसा व्यवसायमा सम्बद्ध प्रजातन्त्रवादीहरूको साझा संस्थाका रूपमा क्रियाशील उक्त समितिले नेवि संघ स्थापना दिवसको अवसर शनिबार काठमाडौंको वाल्मीकी विद्यापीठमा रक्तदान कार्यक्रम गरेको हो । उक्त अवसरमा दर्जनौंले रक्तदान गरेको नेपाली कांग्रेस गुल्मीका नेता शमशेरबहादुर कार्कीले जानकारी दिए ।

सम्पर्क समितिका सभापति एवं नेपाल तरुण दलका केन्द्रीय सदस्य कृष्णप्रसाद खरेलले रक्तदान गरी कार्यक्रमको शुभारम्भ गरेका थिए ।

उक्त रक्तदान एवं शुभकामना आदान प्रदान कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य चन्द्रबहादुर केसी, नेपाली कांग्रेस लुम्बिनी प्रदेश सभापति अमरसिंह पुन, सोही प्रदेश उपसभापति भुवनप्रसाद श्रेष्ठ, सम्पर्क समितिका पूर्वसभापतिहरु ज्ञानबहादुर कार्की, नरहरि घिमिरे, प्रजातन्त्रवादी प्राध्यापक संघका केन्द्रीय सदस्य विष्णुप्रसाद पन्थी, समाजवादी चिन्तक कृष्णबहादुर कुँवर, वरिष्ठ अधिवक्ताहरू प्रा.डा. ताराप्रसाद सापकोटा, केशरमणि अर्याललगायत थुप्रै गुल्मेलीहरूको बाक्लो उपस्थिति रहेको थियो ।

# बारलाई राजनीतिबाट मुक्त तुल्याउने अध्यक्ष मिश्रको प्रतिबद्धता



**काठमाडौं/मस**-नेपाल बार एशोसिएसनका नवनियुक्त अध्यक्ष विजय मिश्रले नेपाल बारलाई राजनीतिबाट मुक्त तुल्याउने, वकिलहरूको पेसागत हकहितका लागि आवाज उठाउने साझा र बलियो संस्थाका रूपमा अघि बढाउने अभियानमा साथ सहयोगको अपेक्षा गरेका छन् ।

शनिबार काठमाडौंमा आयोजित नेपाल बार एशोसिएशनको वार्षिक साधारण सभा तथा पद हस्तान्तरण कार्यक्रममा उनले भने, 'निर्वाचनका बेला जारी गरिएको घोषणपत्र कार्यान्वयन, संस्थालाई राजनीतिबाट मुक्त, गतिविधिलाई पारदर्शी र नतिजा मूलक बनाउन नयाँ कार्यसमितिले ध्यान पुऱ्याउने छ ।'

यस्तै उनले नेपाल बार एशोसिएसनसँग राज्य प्रणालीको इज्जत बढाउने नैतिक पुँजी भएको बताए । उनले बार एशोसिएसनको फोरममा बसेर बेन्च राज्य प्रणालीको इज्जत बढाउनका लागि आवश्यक सम्पूर्ण काम गर्ने नैतिक पुँजी रहेको बताए । उनले अहिलेको बार एशोसिएशनसँग २०६२/०६३ सालको कार्यसमितिको जस्तो अपेक्षा नगर्न पनि आग्रह गरे । उनले अहिलेको परिस्थिति भिन्न रहेकाले भिन्नै तवरबाट समस्याहरुको समाधान हुनुपर्ने बताए । उनले आफूहरुले अध्ययन, तालिम, बार एशोसिएसनको भवन निर्माण, सजावट अनि वकिलहरुको क्षमता वृद्धिको लागि काम गर्ने प्रतिबद्धता जनाए ।

उनले भने,'बार एशोसिएशनको फोरममा बसेर बेन्च राज्य प्रणालीको इज्जत बढाउनका लागि आवश्यक सम्पूर्ण काम गर्ने नैतिक पुँजी हामीले बोकेका छौं । त्यसमा थपथाप पनि गर्दिनुहुनेछ । यो बार एशोसिएशन २०६२/०६३ सालको शम्भू श्रेष्ठ, शेरबहादुर सर, कुमार आचार्यको कार्यसमितिको जस्तो अपेक्षा नगर्नुस् किनभने परिस्थिति भिन्न छ । त्यो बेला निरंकुशतन्त्र थियो । अहिले राजा हटाउनु पर्ने अवस्था छैन, हटिसकेको छ । त्यसैले त्यो बेला जस्तो हामीले गर्ने हरेक कार्यक्रम बीबीसी सिएनएन आउँदैनन् । अब त्यो बेगल परिस्थितिको राजनीतिक माहोललाई अहिले पनि त्यसैमा जानुपर्छ भन्ने छैन । त्यो कुरालाई हामी गर्न सक्दैनौं । त्यो कुरा विनम्रतापूर्वक निवेदन गर्न चाहन्छु । अहिले परिस्थिति बेग्लै छ । हाम्रो मानक भनेको अध्ययन, तालिम, बार एशोसिएसनको भवन निर्माण, सजावट अनि वकिलहरुको क्षमता वृद्धिको लागि रहनेछ भन्नेकुरा विनम्रतापूर्वक अनुरोध छ ।' अध्यक्ष मिश्रले वकिलसँग काम लिएर आउनेहरुलाई तुरुन्तै सेवा प्रदान गर्नुपर्ने बताए ।

कार्यक्रममा नेपाल बार एसोसिएसनमा प्रा.डा.मिश्रको नेतृत्वको नवनिर्वाचित कार्यसमितिलाई पदभार हस्तान्तरण गरिएको छ। कार्यक्रममा यसअघिका अध्यक्ष गोपालकृष्ण घिमिरेको कार्यसमितिले नयाँ कार्यसमितिलाई पदभार हस्तान्तरण गरेको हो ।

बारको अध्यक्षसहित २७औं केन्द्रीय कार्यसमिति चयनका लागि गत चैत २३ गते निर्वाचन भएको थियो । उक्त निर्वाचनमा बृहत लोकतान्त्रिक, प्रगतिशील, पेसागत, राष्ट्रवादी एवं समावेशी कानुन व्यवसायी समूहबाट वरिष्ठ अधिवक्ता मिश्र र व्यावसायिक कानुन व्यवसायी समूहबाट वरिष्ठ अधिवक्ता रमनकुमार श्रेष्ठबीच प्रतिस्पर्धा भएको थियो । उक्त निर्वाचनले बारमा २५ जना नयाँ कार्यसमिति चयन गरेको हो ।

# काभ्रे सेवा समाजको अध्यक्षमा नेपाल चयन

काठमाडौं/मस-काभ्रे सेवा समाजको शानिबार सम्पन्न साधारणसभाले पुरुषोत्तम नेपालको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ ।

लोकसेवा आयोगका पूर्व अध्यक्ष उमेश मैनालीको प्रमुख आतिथ्यतामा विगत लामो समयदेखि काभ्रेपलाञ्चोक जिल्लामा जन्मिएर काठमाडौंमा बासोबास गर्ने काभ्रेलीहरुको सहभागितामा गठित सो समाजले प्रकाशन गर्दै आएको काभ्रेली गुञ्जन नामक स्मारिकाको पनि विमोचन गरिएको थियो ।

साधारणसभाले बरिष्ठ उपाध्यक्षमा पूर्णसिंह खड्का, उपाध्यक्षमा लभराज जोशी, महासिचवमा कमलप्रसाद तिमल्सिना, सचिवमा ओकृष्ण श्रेष्ठ तथा कोषाध्यक्षमा धनरानी के.सी.लाई निर्विरोध निर्वाचित गरेको छ ।

सो साधारणसभामा काभ्रेपलाञ्चोक जिल्लामा जन्मिएर हालै सम्पन्न नेपाल बारको महासचिव पदमा निर्वाचित केदारप्रसाद कोइराला तथा मुकुन्द अधिकारी तथा फुलचोकी क्षेत्रमा हराएका सयौं स्वदेशी तथा विदेशीहरुको उद्धारमा संलग्न दावा लामा तथा गतवर्ष लालितपुरको नख्खु खोला क्षेत्रमा आएको बाढीमा फसेका दुई जनालाई जिवितै उद्धार गर्न सफल चानिकलाल तामाङलाई सम्मान गरिएको थियो । कार्यक्रम समाजका अध्यक्ष पहलाद केसीको अध्यक्षयतामा सम्पन्न भएको थियो ।

# 'शान्ति सुरक्षा र अपराध नियन्त्रणमा समुदाय-प्रहरी साझेदारी'



**कास्की/मस**-नेपाल प्रहरीका महानिरीक्षक दीपक थापाले समाजमा शान्ति सुरक्षा कायम गर्न तथा अपराध नियन्त्रण गर्न प्रहरी एक्लैको प्रयास सम्भव नहुने बताएका छन् । जिल्ला प्रहरी कार्यालय कास्की र सामुदायिक सेवा एवं सामुदायिक प्रहरी सेवा केन्द्र कास्कीले शनिबार पोखरामा आयोजना गरेको कार्यक्रममा उनले प्रहरी र स्थानीय समुदाय, संघसंस्था, आमा समूह, विभिन्न क्लब, विद्यालय तथा स्थानीय तहको समन्वय र सहकार्यबाट अपराध रोकथाम गर्न सकिने धारणा राखे ।

विभिन्न सचेतनामूलक कार्यक्रम गरी जनचेतना अभिवृद्धि गर्ने कार्यमासमेत सामुदायिक सेवा केन्द्रको योगदान भएको खण्डमा समाजमा शान्ति कायम गर्न सघाउ पुग्ने उनले बताए । प्रहरी महानिरीक्षक थापाले भने,'समाजमा घट्ने जुनसुकै घटनाको जानकारी तुरुन्त प्रहरीलाई गराइ अपराधीलाई कानुनी दायरामा ल्याउन समुदाय र प्रहरीको साझेदारी आवश्यक छ । यसबाट छिटो अपराध अनुसन्धानमा सहयोग पुग्दछ ।'

थापाले देशभर रहेका एक सय ८१ सामुदायिक सेवा केन्द्रले प्रहरी र नागरिकका बीचमा पुलको रूपमा काम गरेर सुमधुर सम्बन्ध कायम राखी शान्ति सुव्यवस्था, अमनचयन कायम राख्ने तथा अपराध नियन्त्रण र अनुसन्धानमा सहयोग गरेको बताए । सामुदायिक सेवा एवं सामुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष भीम पराजुलीले समुदाय र प्रहरीबीचको सहकार्यले समाजमा घट्ने आपाराधिक घटनामा कमी आएको बताए ।

कार्यक्रममा अन्नपूर्ण गाउँपालिका अध्यक्ष विष्णुबहादुर केसी, प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डे, जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक श्याम बाबु ओलिया, सामुदायिक सेवा केन्द्र लेखनाथका अध्यक्ष गंगा थापालगायतले सामुदायिक सेवा केन्द्रको भूमिकालाई अझ प्रभावकारी र व्यवस्थित बनाउनुपर्नेमा जोड दिएका थिए ।

**कुवेतमा रोजगार**
कम्पनी: ONE STOP CONSUMER DELIVERY COMPANY
शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८१/०९/१७ चलानी नं.: ६०२३०६६३ पुनः विज्ञापन
L.T. No.:316421

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Driver | 35 | 0 | स. काममा दक्ष | 135 | ६०,०१३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख १४ गते (27 April 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

OMAMA MANPOWER PVT. LTD.
Gov. Lic. No. 1422/074/075
An ISO 9001: 2015 International Standards Certified Recruiting Agency
Sinamangal-9, Ekatatole, Hyundai Showroom Opposite, Kathmandu
Tel: 01-4587731, 01-4581383, 9702046184, Whatsapp : 9702046184, 9801054682, 9805945922.
E-mail: omamamanpower@gmail.com, URL : www.omamamanpower.com

मध्यान्ह
www.madhyanhadaily.com
७ वैशाख २०८२ आइतबार
20 April 2025, Sunday

## सम्पादकीय

# लोकतन्त्रको कमजोर जग

देशको सबैभन्दा पुरानो लोकतान्त्रिक दल नेपाली कांग्रेसमा आन्तरिक लोकतन्त्र कमजोर हुँदै गएको छ । जसको बलियो उदाहरण हो, बर्षौदेखि पार्टीको भ्रातृ संगठनहरूको आवधिक अधिवेशन हुन नसक्नु । पार्टी नेतृत्वको गुटगट राजनीतिक अभ्यासले प्राथमिकता पाउदा भातृ संगठनहरूको यस्तो अवस्था आएको हो । सांगठनिक गतिविधिमा गतिहीन बनेको भ्रातृ संगठन 'कोमा'मा पुऱ्याएको अवस्था छ । कांग्रेसले वार्षिक रूपमा गर्नुपर्ने क्रियाशील सदस्यता नवीकरण र नयाँ वितरणका काममा समेत गति दिन सकेको छैन । चैत मसान्तभित्र महाधिवेशन सम्पन्न गर्न १० वटा भ्रातृ संगठनलाई पार्टीले निर्देशन दिएको थियो । पार्टी नेतृत्व र भ्रातृ संगठनबीच समन्वयमा महाधिवेशन सम्पन्न गर्न महाधिवेशन निर्देशन समिति नै बनाएर दिएको समय सीमाभित्र नेवि संघ, तरूण दल, महिला संघ, दलित संघ लगायत करिब दर्जन भ्रातृ संगठनको महाधिवेशन हुन सकेन ।

महाधिवेशन अनिश्चित भएपछि ती संगठनको तदर्थ समिति नै नयाँ बनाउने विषयमा छलफल चलिरहेको छ । चैतभित्रै सबै भ्रातृ संगठनले महाधिवेशन गरेर प्रतिवेदन बुझाउन पार्टी नेतृत्वले निर्देशन दिएपनि संगठका प्रमुखले त्यसको अवज्ञा गरेपछि पार्टीले उनीहरूलाई हटाएर अर्को नेतृत्व ल्याउने तयारी समेत भइरहेको छ । लोकतान्त्रिक दलका भ्रातृ/सुभेच्छुक संस्था र मुल पार्टीको समेत आवधिक महाधिवेशन हुन नसक्नुलाई गैरलोकतान्त्रिक चरित्रको अभ्यासले प्राथमिकता पाएको प्रश्न उठ्नु स्वभाविक हो । अर्कोतर्फ पार्टीको आन्तरिक संगठन चुस्त बनाउँदै महाधिवेशन केन्द्रित सांगठनिक अभियानहरू चलाउनुपर्ने कांग्रेसमा सदस्यता विवाद त्यत्तिकै छ । पार्टी सभापति शेरबहादुर देउवा महाधिवेशनको मिति विधान र संविधानले दिएको सहुलियतअनुसार करिब डेढ वर्षपछि धकेल्ने प्रयासमा छन् ।

संस्थापन इतर समुहका नेता डा. शेखर कोइराला र उनी निकटका नेताहरूले भने समयमै महाधिवेशन गर्नुपर्ने दबाब दिदैँ आएका छन् । संस्थापन इतर समूहले महाधिवेशनका लागि आवश्यक संरचना तयार गर्न पार्टीका जिम्मेवार नेताहरूले काम नगरेको आरोप छ । पार्टी महामन्त्री गगन थापाको संयोजकत्वमा क्रियाशील सदस्यता व्यवस्थापन समिति बनेको छ । सो समितिको बैठकले गत चैत्रको पहिलो हप्ता डेढ दर्जन जिल्लामा क्रियाशील सदस्यता नवीकरणमा विवाद कायमै रहेको निष्कर्ष निकालेको थियो । जुन समस्या अहिले पनि कायमै छ । यसले आगामी १५ औं महाधिवेशन समयमा हुनेप्रति शंका उत्पन्न गराएको छ । कांग्रेसमा महाधिवेशनको जग मानिने क्रियाशील सदस्याता विवाद अहिले सम्मकै सबैभन्दा ठूलो विषय हो । अत: कांग्रेसले पार्टीको आन्तरिक जिवनमा देखा परेका उल्लिखित समस्याहरू समाधान गर्दै आफूलाई लोकतान्त्रिक शक्तिकै रूपमा आफूलाई स्थापित गराउनुपर्छ ।

# लोकले खोजेको 'तन्त्र'

*अहिले नाममा भनिएको गणतन्त्र वा लोकतन्त्र केही सीमित नेता, तिनका परिवार र आफन्तलाई आएको छ । जनताले लोकतन्त्रको आधारभूत मान्यताअनुसारको सेवा उपयोग गर्न पाएका छैनन् । व्यवहारमा महसुस गर्न पाएका छैनन्...*

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

जबसम्म नेतृत्वले नागरिकतर्फ अनुहार फर्काउँदैन, उनका वास्तविकता मागलाई महसुस गर्दैन, फरक मत राख्नेलाई खेद्छ र युवाहरूलाई खाडी पठाउने र आम्दानी गर्ने सोचिरहन्छ, तबसम्म लोकतन्त्रले वास्तविक आकार लिन सक्दैन...

संसारको निर्माण पन्च तत्वबाट भएको हो- माटो, पानी, वायु, शब्द र आकाश । मानव शरीर निर्माणको क्रम पनि यही हो । पृथ्वीमा धेरै देशहरू छन् । हाम्रो देशको इतिहास लामो छ । कलिको नेतृत्व पाएको पनि यो वर्ष २०८२ आरम्भ भएसँगै ५ हजार १२६ वर्ष भइसकेको छ । त्यसो त पृथ्वीको उदय भएको भनौं सृष्टि सुरू भएको १ अर्ब ९५ करोड, ५८ लाख, ८५ हजार १ सय २६ वर्ष व्यतीत भइसकेको छ ।

गत वर्षको ग्रह मण्डलका राजा मंगल र मन्त्री शनि थिए, देशमा भारी संकट आयो, मानौं उथलपुथल नै भयो । प्रकृतिले धेरै बगायो र मान्छेहरू पनि अप्रत्याशित रूपमा कोही हतकडीमा परे भने कोही लामो जेल जीवनमा । शासक र जनताबिचको दूरी आकाश र पाताल समान रह्यो । मंगल र शनि आफैँमा क्रूर र कष्टकर ग्रह रहेका थिए । हामीसँग भित्रिइरहेको २०८२ साल विगतभन्दा सौम्य होला, कामना गरौं । सौर्य मण्डलका राजा सूर्य र मन्त्री चन्द्र छन् ।

हाम्रो नेतृत्व वाक्युद्धमा छ, विकसित देशहरू व्यापार युद्धमा छन् । ट्रम्पको उदयले संसारै हतासिएको छ । चीनलाई समेत करिब १५० प्रतिशत भन्सारको आँट गर्ने अमेरिकाले आप्रवास नीतिमा कठोर भएको छ । धमाधम आप्रवासीहरू लखेट्ने काम गरिरहेको छ । अब मुद्दा गएर आदेश भएपछि मात्रै आप्रवासी हटाइने कुरा पनि आएको छ । यतिसम्म भयो कि भारतीय र नेपालीलाई खुट्टामा चेन र हातमा हतकडीमा पनि फिर्ता गराइयो ।

लाजै नमानी अर्काको देश छिर्ने र आफ्नो देशलाई माया नगर्ने अनि कसरी देशको समृद्धि हुन्छ, कुरो ठिकै पनि हो । तर, हामीकहाँबाट निर्यात भएको जनशक्ति खान, लाउन नपाएर पनि हो । अब खाडीलगायतका अरू देशले ट्रम्पकै नीति लिएर नेपालीहरू सबै डिपोर्ट गर्छु भन्यो भने ती घरको न घाटको हुनेवाला छन् । नेतृत्व सत्ता मोहमा लाग्यो । युवा शक्तिलाई देशमा राख्नै चाहेन । कामै दिएन उसले । आफन्तलाई मात्रै रोजगारी दिने लोकतन्त्र र गणतन्त्रको आनीबानी सबै नेपालीहरूले अहिले चाल पाएर यसप्रति निर्मम प्रहार गर्न थालेका हुन् ।

सम्भवत: यही हिसाबले यहाँको संघीयता, लोकतन्त्र र गणतन्त्र लामो समय नजाला भन्ने देखिन्छ । सबै संरचनामा आमूल परिवर्तन खोजेको छ देशले ।

तर, देश हाँकेको राम्रो भएन भनेर उठेका माथि निर्मम प्रहार भएको छ । यी सबै गाडी चलाउन नजान्ने तर, चालक बन्न खोज्ने भनेर नयाँ वर्षकै सन्दर्भमा नेतृत्वले वाक वाणी प्रहार गरेको छ । हुन पनि बालेन्द्र साह 'वालेन', रवि लामिछाने, हर्क साम्पाङ र गोपाल हमाल जस्ता पात्र असफल बनाइएका छन् । यहाँ कुलमान घिसिङ पनि




असफल भएका छन् । अन्य असफल र कसिङ्गर बन्नु सामान्य कुरा हो । बेलैमा तह नलगाए २०८४ आउन कठिन हुने पक्का पक्की सम्झिसकेको छ हालको नेतृत्वले । बालुवाटार, खुमल्टार, बालकोट वा बुढानीलकण्ठ जहाँ लोकतन्त्र बसेको छ, तिनका लागि यी पात्रहरू कच्चा छन्, नयाँ छन् ।

लोकतन्त्रमा नजरबन्द, हतकडी र निषेधाज्ञा सर्वत्र अचम्मको छ हाम्रो देशमा । विद्यालयका शिक्षकहरू अब थापाथलीमा भजन कीर्तन र नृत्यमा छन्, त्यहाँ पनि अलिक बल प्रयोग हुने हो भने निषेधित क्षेत्र भइहाल्छ । टुँडिखेल निषेधित गरेको थिएन पहिलेको व्यवस्थाले, अहिले नयाँ व्यवस्थामा पुरानै होइन झन् बिग्रेको अवस्था छ । कोसँग गुहार माग्ने, न शैक्षिक विधेयक देशमा उडेर आउँछ, न निजामती विधेयक, न गुडेर लोकतन्त्र वा गणतन्त्र राजमार्गतिर वा काठमाडौं बाहिर जान्छ । त्यहाँको अवस्था कति दयनीय छ, उसले देख्दैन । धारामा पानी नआउँदा वा अघोषित लोडसेडिङ दिनमा १२ पल्ट बत्ती आउने जाने गर्दा सेवाग्राहीको उपभोक्ता संरक्षण ऐनले कामै गरेको छैन । अब उपभोक्ता अदालत पनि आयो देशमा कानुनको कुनै अभाव छैन तर, लोकतन्त्रले सही कार्यान्वयनको बाटो खोज्दैन । जलवायु संकट, प्रदूषणको संकट, भारी ऋण र व्यापार घाटाको संकट, युवा पलायन नरोक्ने संकट हाम्रो लोकतन्त्रको आदर्श भएको छ ।

कोही सडकमा आउँदा हजारौं हजारको स्वागत भीड छ, कोही सडकमा आउँदा दर्जनौं पहरेदार, सुरक्षाकर्मी लिएर आउँदा पनि ढुङ्गा खाने डर छ, देशमा किन होला ? सत्ताको मोह, आफन्तको प्रवेश, काण्डहरूको ढाकछोप, सुशासनको पूर्णतः अभाव, पारदर्शिता र जिम्मेवारी बोधको अभाव र पारिवारिक लोकतन्त्रमा हुने कथा र व्यथा यस्तै हो । उत्पादन नहुने, सबै वस्तु आयात र श्रम निर्यात गरेर त्यसको रकमले यहाँ सुविधा लिने गर्नाले र देशलाई मोहियानी हक सरह सुरक्षित गरिरहनेले नेतृत्वबाट जनता निराश छन् । सत्ययुगमा हिरण्यकश्यपले संसार मेरो भनेका थिए, त्रेतामा रावणहरूले र द्वापरमा कंस, दुर्योधनहरूले । सत्य युगमा देव दानव अलगै बस्थे । देवता स्वर्गमा र दानव पातालमा । त्रेतामा देव र दानव एकै लोकमा बस्न थाले राम र रावण उही लोकमा । द्वापरमा देव र दानव एकै परिवारमा बस्न थाले, युधिष्ठिर र दुर्योधन । कलिमा त झन् नजिक एकै शरीरमा छन् दुवै, त्यसको प्रतिफल देशले पाएको छ, धर्मलाई सिध्याएर । धर्म सिध्याएकै कारण देश अनियन्त्रित अपराध र काण्डहरूको जालोमा फसेको छ ।

## इतिहासमा आज

२० अप्रिल १९४६ मा राष्ट्र संघ आधिकारिक रूपमा विघटन भएको थियो । जसले यसको आफ्नो सबैजसो अधिकार शक्ति संयुक्त राष्ट्र संघलाई दिएको थियो ।



२० अप्रिल १९६८ मा दक्षिण पश्चिम अफ्रिका (अहिले नामिबिया)मा होसेया कुटाको अन्तर्राष्ट्रिय विमानस्थल नजिकै दक्षिण अफ्रिकी एयरवेजको उडान २२८ दुर्घटनाग्रस्त भएको थियो । जसमा १२३ जनाको मृत्यु भएको थियो ।



२० अप्रिल १९७२ अपोलो कार्यक्रमअन्तर्गत जोन यंगको नेतृत्वमा र चार्ल्स ड्यूकको पाइलटमा रहेको अपोलो १६ लुनार मोड्युल चन्द्रमामा अवतरण भएको थियो ।



२० अप्रिल २०२० मा इतिहासमा पहिलो पटक तेलको मूल्य शून्यभन्दा तल झरेको थियो । जुन घटनामा रूस-साउदी अरेबिया तेल मूल्यमा चलेको विवादले भएको थियो ।



# सूचना प्रविधिको विकाससँगै बढेको जोखिम

विचार



● अपूर्व नेपाल

सूचना प्रविधिको द्रुत विकासको युगमा नेपालले यसलाई अवसरको रूपमा मात्र नभई, चुनौतीको रूपमा पनि बुझ्न जरुरी छ । प्रविधिमा आधारित समाज बनाउने लक्ष्यतर्फ अघि बढ्दा समावेशी, उत्तरदायी र सुरक्षित सूचना प्रविधि पूर्वाधार निर्माणलाई प्राथमिकतामा राख्नुपर्ने समय आएको छ...

सूचना प्रविधि (आईटी) आजको युगको मेरूदण्डसरह बनिसकेको छ । विश्वव्यापी रूपमा आर्थिक, सामाजिक, शैक्षिक र प्रशासनिक क्षेत्रमा यसको प्रभाव क्रान्तिकारी रूपमा देखिएको छ । नेपाल पनि पछिल्लो केही दशकमा सूचना प्रविधिको विकासतर्फ तीव्र गतिमा अघि बढिरहेको छ । मोबाइल, इन्टरनेट, सामाजिक सञ्जाल, अनलाइन सेवा, डिजिटल भुक्तानी प्रणाली, इ-गभर्नेन्स लगायतका प्रविधिहरूको प्रयोग दिन प्रतिदिन बढ्दो छ । यसले प्रशासनिक पारदर्शिता, जनताको पहुँच, व्यापारिक सहजता र सूचना पहुँचमा ठूलो फड्को मारेको छ । यद्यपि, यसका सकारात्मक पक्षहरूसँगै नेपालमा सूचना प्रविधिसँग सम्बन्धित जोखिमहरू पनि तीव्र रूपमा बढिरहेका छन्, जसलाई समयमै सम्बोधन गर्न नसके भविष्यमा गम्भीर चुनौती उत्पन्न हुन सक्छ ।

नेपालमा सूचना प्रविधिको प्रयोग बढ्दै जाँदा साइबर सुरक्षाको चुनौती पनि उस्तै रूपमा देखा परेको छ । सरकारी वेबसाइटहरूमा ह्याकिङ, डाटा चोरी, व्यक्तिगत सूचना चुहावट, वित्तीय ठगी जस्ता समस्या बढ्दै गएका छन् । विगत केही वर्षमा मात्र पनि नेपालका विभिन्न बैंक, सरकारी संस्था र निजी कम्पनीहरू साइबर आक्रमणको शिकार भएका उदाहरण प्रशस्त छन् । यी घटनाहरूले देखाउँछ कि हाम्रो डिजिटल संरचना अझैसम्म पनि बलियो, सुरक्षित र भरपर्दो बन्न सकेको छैन । प्रविधिमा आधारित सेवा दिँदै आएका संस्थाहरूले सुरक्षामा पर्याप्त लगानी नगर्दा तथा दक्ष जनशक्तिको अभाव हुँदा समस्याहरू थप जटिल बन्दै गएका छन् ।

यसबाहेक, सूचना प्रविधिको दुरूपयोगको अर्को पक्ष सामाजिक सञ्जालमा झनै स्पष्ट देखिएको छ । झूटा समाचार, भ्रमपूर्ण सूचना, चरित्र हत्या, नक्कली खाता सञ्चालन, साइबर बुलिङ, अश्लील सामग्रीको प्रचार-प्रसार जस्ता विषयहरूले सामाजिक सद्भावमा आघात पुऱ्याइरहेका छन् । खासगरी किशोर-किशोरी र युवाहरूमा सामाजिक सञ्जालको असन्तुलित प्रयोगले मानसिक स्वास्थ्यमा पनि नकारात्मक असर पार्न थालेको छ । डिप्रेशन, आत्मविश्वासको कमी, एक्लोपन र सामाजिक विच्छेदन जस्ता समस्या गहिरिँदै गएको पृष्ठभूमिमा प्रविधिको जिम्मेवार प्रयोगबारे गम्भीर सोच आवश्यक देखिन्छ ।

सूचना प्रविधिको अर्को चुनौती भनेको डिजिटल खाडल हो । नेपालमा शहरी क्षेत्र र ग्रामीण क्षेत्रबीच प्रविधिको पहुँचमा ठूलो अन्तर छ । ग्रामीण बस्तीहरूमा इन्टरनेट सेवा अवरूद्ध, बिजुली अभाव, डिजिटल साक्षरताको कमीले गर्दा प्रविधि समावेशी रूपमा विकास हुन सकेको छैन । नतिजा स्वरूप सूचना प्रविधिले ल्याउने फाइदाहरू सबै नागरिकसम्म समान रूपमा पुग्न सकेका छैनन् । सरकारी सेवा, शिक्षा, स्वास्थ्य, वित्तीय पहुँच जस्ता महत्वपूर्ण क्षेत्रहरूमा प्रविधिको पहुँच नहुनु असमानताको कारक बन्दै गएको छ ।

यसैगरी, प्रविधिको आयातमा उच्च निर्भरता, स्वदेशी प्रविधिको विकासमा लगानीको कमी, अनुसन्धान पूर्वाधारको अभाव, नीति निर्माणमा ढिलाइ तथा कार्यान्वयनमा कमजोरी जस्ता संरचनात्मक समस्याहरूले पनि सूचना प्रविधिको विकासलाई थप जटिल बनाइरहेका छन् । नेपालमा सूचना प्रविधिसँग सम्बन्धित कानुन, नीति र नियमहरू भने समयानुकूल अद्यावधिक भइसकेका छैनन् । साइबर अपराध नियन्त्रण, व्यक्तिगत डेटा सुरक्षा, डिजिटल व्यापार नियमन, प्रविधि कम्पनीहरूको उत्तरदायित्व जस्ता विषयमा स्पष्ट र प्रभावकारी कानुनी ढाँचा नहुनुले साइबर क्षेत्रमा कानुनी अन्योल र असुरक्षा बढाइरहेको छ ।

सूचना प्रविधिको द्रुत विकासको युगमा नेपालले यसलाई अवसरको रूपमा मात्र होइन, चुनौतीको रूपमा पनि बुझ्न जरूरी छ । शिक्षा प्रणालीमा प्रविधिसँग सम्बन्धित विषयको समावेशीकरण, सूचना प्रविधि क्षेत्रमा दक्ष जनशक्ति उत्पादन, प्रविधि सुरक्षामा लगानी, कानुनी तथा नीतिगत संरचनाको सुदृढीकरण, जनचेतना अभिवृद्धि, ग्रामीण क्षेत्रलाई प्राथमिकतामा राखी डिजिटल पहुँच विस्तार, साइबर अपराध नियन्त्रणका लागि विशेष इकाईहरूको सुदृढीकरणजस्ता उपायहरू अवलम्बन नगरी प्रविधि सुरक्षित र दिगो बन्न सक्दैन ।

अन्ततः, सूचना प्रविधिले ल्याउने परिवर्तन अकल्पनीय फाइदाकर हुन सक्छ तर, त्यही प्रविधिको दुरूपयोगले समाज, राष्ट्र र नागरिकका लागि भयावह अवस्था पनि निम्त्याउन सक्छ । त्यसैले सूचना प्रविधिको विकास र विस्तार सँगसँगै सुरक्षाको पक्षलाई पनि समान महत्व दिइनु आवश्यक छ । प्रविधिमा आधारित समाज बनाउने लक्ष्यतर्फ अघि बढ्दा समावेशी, उत्तरदायी र सुरक्षित सूचना प्रविधि पूर्वाधार निर्माणलाई प्राथमिकतामा राख्नुपर्ने समय आएको छ । यो न केवल सरकार, निजी क्षेत्र र प्राविधिक विज्ञहरूको जिम्मेवारी हो, बरू नागरिक तहमै प्रविधिको सचेत र जिम्मेवार प्रयोग गर्नेतर्फ अभिमुखीकरण पनि अनिवार्य छ । तब मात्र सूचना प्रविधिको विकासले नेपालको सामाजिक र आर्थिक विकासमा यथार्थमै सकारात्मक परिवर्तन ल्याउन सक्छ ।

***(लेखक नेपाल, साइबर विज्ञ हुन् ।)***

## सामाजिक सञ्जाल



राधाकृष्ण कटुवाल

करिब ५/६ महिना अघि नै लागेको थियो, कांग्रेस-एमाले एक-अर्काका प्रतिस्पर्धी दल भएकोले गठबन्धन गरेपनि एमालेको सरकारमा कांग्रेस नजाने र कांग्रेसको सरकारमा एमाले नजाने गरिनुपर्छ । अन्ततः कांग्रेसका महामन्त्री थापा र शर्माले बल्ल बुझेछन् खुसी लाग्यो । अब मन्त्रीहरू फिर्ता बोलाएर कार्यान्वयन गर्ने कि !



प्रकाश तिमिल्सिना

संसदीय समितिको सिफारिसको आधारमा रवि लामिछाने 'सहकारी ठगी प्रकरण'मा अहिले कारागारमा छन्, उस्तै प्रकृतिको राजेन्द्र लिङ्देन नेतृत्वको समितिले पोखरा विमानस्थलमा भ्रष्टचार भएको भन्दै रकम र दोषीको नाम नै किटान गरेर प्रतिवेदन बुझाएको छ, 'भ्रष्टचारीको मुख नहेर्ने सरकार'ले एक्सन त लेला नि !



विश्वदीप पाण्डे

लोकतन्त्र भनेको केवल शासन होइन, सुशासन हो । तर, नेपालको सन्दर्भमा कुशासनका रूपमा रूपान्तरित भएको छ । भ्रष्टाचार र कुशासनका काण्डले राजनीतिक, आर्थिक, सामाजिक तथा विकास-निर्माणका क्षेत्रमा हासिल भएका उपलब्धिहरू मात्रै छायामा परेका छैनन्, लोकतान्त्रिक कालखण्ड नै कलंकित भएको छ ।



मधु आचार्य

शिक्षकको आन्दोलन कुनै सामान्य अवज्ञा होइन, यो वर्षौंदेखि अल्झिएको स्कुल शिक्षा विधेयकप्रति राज्यको उपेक्षा हो । मिडियाले यत्ति बुझ्नुपर्छ : आन्दोलनको असर देखाउनु ठीक हो, तर कारण भुल्नु गम्भीर भूल हो । असुविधाबारे बहस गर्नु अघि, यसलाई जन्माउने नीतिगत जटिलता पहिचान गर्नु आवश्यक छ ।

नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

सडक विभाग

संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय काठमाण्डौं

# सडक डिभिजन जनकपुर

मुजेलिया, धनुषा

## स्पष्टिकरण पेश गर्ने सम्बन्धमा

**प्रकाशित मितिः २०८२/०१/०७**

प्रस्तुत विषयमा यस सडक डिभिजन अन्तर्गतका तपसिलका निर्माण व्यवसायीले तपसिलका ठेक्काहरुको निर्माण कार्यको सम्बन्धमा निर्माण व्यवसायीबाट विभिन्न समयमा पेश गरेको संशोधित कार्यतालिका तथा समयमै निर्माण कार्य सम्पन्न गर्ने प्रतिवद्धताअनुसार निर्माण कार्य समयमै सम्पन्न गर्न यस डिभिजनबाट पटक-पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत चालु आ.व. मा शून्य /साहै न्यून प्रगति रहेको, निर्माण व्यवसायीहरुबाट तोकिएको अवधिमा निर्माण कार्य सकिने गरी निर्माण स्थलमा भौतिक रुपमा उपस्थित नदेखिएको हुदा यो सूचना प्रकाशित मितिले (७) सात भित्र ठेक्काको शर्त बमोजिम कारवाही किन नगर्ने सम्बन्धि स्पष्ट चित्तबुझ्दो जवाफ सहित निर्माण व्यवसायी स्वयम् वा निजको अधिकारिक प्रतिनिधि मार्फत उपस्थित भई यस डिभिजनमा स्पष्टिकरण पेश गर्नुहुन अनुरोध छ। अन्यथा ठेक्का सम्झौताको शर्त तथा प्रचलित ऐन कानुन अनुसार कारवाहीको प्रक्रिया अगाडी बढाउने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम |
|---|---|---|---|
| 1 | JPRJJ/337320/072-73/JPR/02 | Pathar Kholapul, | Bamti Bhandar- Shree Narsing JV Jaleshwor-08, Mahottari |
| 2 | DROJKR/337354-4/073-74/01 | Construction of Earthwork & Gravelling work & Hump Pipe culvert along Janaki -Mandap-Girijapath-Lagad-Nocha-Deupura Sadak & Girija path | Rajput Construction Phulhatta-09 Mahottari |
| 3 | DROJKR/337366-4/073-74/155Re | Construction of Earth work,Gravelling work, Hump Pipe, Gabion works etc. on Dami Marai Siswa Kataiya Road, Mahottari | Danphe/Caravan J.V. Kathmandu |
| 4 | DROJKR/337366-4/073-74/158 | Construction of earthwork,gravelling & structure works along Nathpatti-Mangharaha-Machi-Khajuni-Balhagoth-Bharat Border sadak, Dhanusha | Dipak Nirman Sewa Jaleshwor-2 Mahottari |
| 5 | DROJKR/337366-4/075-076/21 | Construction of HPC and Blacktop Work along -Six lane ko highway- singerjoda-Mujeliya sadak | Sky Line Construction Pvt Ltd Janakpur -2 Dhanuhsa |
| 6 | DROJKR/3337366-4/075-76/32 | Construction of RCC Drain Along Mahendranagar Sakhuwa Chowk Dekhi Chandrapur Harsar Ramdaiya Ramgoplapur Prastoki Thera Bazar Sadak, Dhanusha. | Sky Line Construction Pvt Ltd Janakpur -2 Dhanuhsa |
| 7 | RDJKR/33701143/076-77/17 Re | Earthwork , Gravel & Box Culvert along Binahi Petrol Pump Bigahi Highway dekhi Basahiya samma sadak, Dhanusha | Sony Construction Janakpur-15 Dhanusha |
| 8 | RDJKR/33701143/076-077/25 | -Construction of RCC Drain work along Mithileshwor mauwahi ward no 1 ko highway ko Pratikshalay dekhi purano Bazar hudai purandaha samma sadak, dhanusha . | Sky Line Construction Pvt Ltd Janakpur -2 Dhanuhsa |
| 9 | RDJKR/337366-4/075-76/28 | Construction of Earth work and Gravelling Works at Kurtha-Ramgopalpur-Samsi Sadak ko Loharpatti-Rauja-Ramgopalpur Sadak Mahottari | Shani Construction wagada-04 Mahottari |
| 10 | RDJKR/33701143/076-77/36 | Earthwork,Rigid Pavement and Drain Works along Lohana Rampur Bharwa Nocha pokhari Sadak, Dhanusha | Dev Builders Pvt Ltd Janakpur-4 Dhanusha |
| 11 | RDJKR/33701143/076-77/88 | Construction of Embankment, Gravel work, RCC Box culvert &Humepipe Culvert along Tarapatti dekh iUttimpur hudai Laliya Bhatahi sadak (Bhatahi khand), Dhanusha | Kamal Nirman Sewa Pvt Ltd Janakpur -9 Dhanusha |
| 12 | RDJKR/33701143/076-77/99 | Construction RCC Road & RCC Drain Work along Bisharvhora Nathpatti Mangraha Machi Khajuri Balhagoth sadak | Kamal Nirman Sewa Pvt Ltd Janakpur -9 Dhanusha |
| 13 | RDJKR/33701143/076-77/110 | Earthwork,Rigid Pavement and Structure Works along Damhi Marai Mahottari Parsa Sadak, Mahottari (Marai Dekhi Anaitha Samma) | Sky Line Construction Pvt Ltd Janakpur -2 Dhanuhsa |
| 14 | RDJKR/33701143/076-77/112 | Earthwork,Rigid Pavement and Structure Works along Manara Katti Sadha Jaukh Sadak, Mahottari ( Sadha Dekhi Jaukh Samma) | Sky Line Construction Pvt Ltd Janakpur -2 Dhanuhsa |
| 15 | RDJKR/33701143/076-77/122 | Blacktop Works along Gaushala Dekhi Aurahi Bijalpura Bhangaha Sadak Mahottari (Package-1) | Sky Line Construction Pvt Ltd Janakpur -2 Dhanuhsa |
| 16 | RDJKR/33701143/076-77/123 | Construction of RCC Road and Drain work along Mithileshwor mauwahi ward no 1 ko highway ko Pratikshalay dekhi purano Bazar hudai purandaha samma sadak | Sky Line Construction Pvt Ltd Janakpur -2 Dhanuhsa |
| 17 | RDJKR/33701169/077/78-06 | Construction of Earthwork Embankment And Sub Base Work along Sapahi Bajar- Bhuisthan Mandir Rastriya Dhanbali Utttar Chheu Prastoki MA, Vi. Na, Pa. Ko Sirsiya Purbari Tole Sadak, Dhanusha ( Starting from Rastriya Dhanbali uttar Chheu to Prastoki) | Shuhani Nirman sewa pvt.ltd, Janakpur-14, Dhanusha |
| 18 | RDJKR/33701143/077/78-10 | Construction RCC Box Culvert &Humepipe Culvert along MahinathPur Baidehi- Dhanushadham-Dharapani sadak, Dhanusha | Mahato Nirman Sewa, Nagarain-01, Dhanusha |
| 19 | RDJKR/33701143/077-78/13 | Blacktop works along Bardibas Ma Ra Ma bata nepali Sena Camp jane Sadak, bardibas . | Adharsh Construction Janakpur -6 Dhanusha |
| 20 | RDJRK/33701169/077-078-16 | Construction of Blacktop and hume pipe Culvert along Bateshwar Bazar Sitapur Chauk Kartik Kubar Nirasapur Luvekush laxmini basma .bi. wada karylay sadak Dhanusha Bigahi Nadi Dekhi Pachim Wada Karyala | Krish Construction Pvt. Ltd Janakpur-2 Dhanusha |
| 21 | RDJKR/33701138/077-78/39 | Construction of Blacktop works along Janakpur(Mujeliya) Dhanushadham –Dharapani Ramayan sarkit sadak Mithileshwor Dhanushadham section), Dhanusha. | M/S ISNB/Skyline J/V, Janakpur-02, Dhanusha |
| 22 | RDJKR/33701143/076-77/40 | Construction of Earthwork, Blacktop and Structure Works along Sahorwa Dekhi Matihani Bazzar Samma Sadak (Krishnapath), Mahottari | Sky Line Construction Pvt Ltd Janakpur -2 Dhanuhsa |
| 23 | RDJKR/33701138/077-078/42 | Construction of Earth works Gravel Works along Kanchanban Janki Medical Mithileshwor sabaila Road (From Rajdevi Mandir towards Kanchanban). | Brothers Construction, Jaleshwor-01, Mahottari |
| 24 | RDJKR/33701169/077-78/43 | Construction of Blacktop works along Bateshawar Bazar –Sitapur Chowk- KartikKunwar- Niraspur –Lav kush Lakshmi niwas MA. Vi. –Wada karyalaya sadak , Dhanusha | M/S Brothers Construction, Jaleshwor-01, Mahottari |
| 25 | RDJKR/33701143/077-078-51 | Construction Of Earths Gravel and RCC Road works along Six Lane ko Highway Singerjoda Hudai Mujeliya Samm Jodne Sadak From Six Lane Road Towards Health post Dhansuha) | Shuhani Nirman sewa pvt.ltd, Janakpur-14, Dhanusha |
| 26 | RDJKR/33701169/078-79/09 | Construction of E/w & Gravel , RccDrain, Rcc Box culvert, Hume Pipe Works along Mahendranagar-Auraha-Nausay Uter bari Tole-Ratauli pokhari sarsa-Rampur Juri Bazar-GodarSadak , Dhanusha, | Pushpanjali/KrishJv. Janakpur-2 Dhanusha |
| 27 | RDJKR/33701169/078-79/12 | Construction of Earthwork ,Garvelling and Humepipe Culvert Works along Sapahi Bazar- Bhuisthan Mandir- Rastrya Dhanbali Uttar cheu Prastoki ma. Vi. Na. pa. ko sirsiya purwari tole sadak, Dhanusha | Shuhani Nirman sewa pvt.ltd, Janakpur-14, Dhanusha |
| 28 | RDJKR/33701169/078-79/30 | Construction of embankment and sub-base work along Fulgama high school dekhi jatahi six lane samma ko sadak, Dhanusha. | BKS Construction Janakpur Dhanusha |
| 29 | RDJKR/33701169/078-79/32 | Construction of box culvert along Laxminiya Ga. Pa. warda no. 7 toledekhi Laxminiya mai mandir samm sadak, Dhanusha. | Sony Construction Janakpur-15 Dhanusha |
| 30 | RDJKR/33701169/079-080-08 | Construction of drain humepipe Laying and PCC works along Janakpur wakil Tole dekhi Railway Station hudai Bhanu Chowk Samm Dhanusha` | Narayan Construction Janakpur-21 Dhanusha |
| 31 | RDJKR/33701169/079-080-19 | construction of earthwork Gravel and HP Culvert works along Kabadhaal Mujeliya Sohani Laxmaniya Bazar ko paschim Hudai Avilesa Section | M.P CONSTRUCTION Hattisarwa 06 Mahottari |
| 32 | RDJKR/33701169/079-080-24 | Blacktop and Humepipe Culvert works Along Mahottari -4 Sasi Ga Pa ward no 6 dekhi wada na 04 bhetpur hudai laxmipur Gothbanauli Parsa Sonama Samma ko Sadak Mahottari | M.P CONSTRUCTION Hattisarwa 06 Mahottari |
| 33 | RDJKR/337310113/080-081-11 | Rehabilitation works along janakpur (Mujeliya ) dhanushadham Dharapani NH 30 | Dinkar Construction pvt Ltd Malangawa -2 Saralhi |

# आगलागी पीडितले १० दिनसम्म पाएन राहत

## रौतहटमा २ करोडको क्षति



काठमाडौं-मस/चैत २६ गते अछामको पुरानो जयगढ बजारमा भएको आगलागीका पीडितहरूले घटनाको १० दिनसम्म पनि राहत पाउन सकेका छैनन् ।

बान्नीगढी जयगढ गाउँपालिकाको केन्द्र समेत रहेको जयगढ बजारमा २३ वटा घर र ती घरहरूमा सञ्चालित ३५ वटा पसलहरू पूर्ण रूपमा जलेर नष्ट भएपछि धेरैको उठिबास भएको छ । घटनालगत्तै प्रदेश सरकारका मन्त्रीहरू, राजनीतिक दलका नेता, जनप्रतिनिधिहरूले स्थलगत अनुगमन गरेका छन् । विभिन्न स्थानीय तहले पीडितलाई राहतस्वरूप रकम घोषणा पनि गरेका छन । तर जयगढका आगलागी पीडितले भने राहतको महसुस गर्न पाएका छैनन् ।

गाउँपालिका अध्यक्ष टेकबहादुर साउदका अनुसार जयगढ आगलागीबाट भौतिक पूर्वाधारबाहेक करिब ८ करोड बराबरको धनमालको क्षति भएको छ । आफ्नो पक्की घरमा डोजर लगाइ भत्काउन दिएर जयगढ बजार जल्नबाट रोकेकी निर्मला रावल आफन्तको कोठामा सहयोग लिएर बसेकी छन् । उनी घरविहीन भएको शनिबार १० दिन भइसकेको छ । तर उनले अझै राहत महसुस गर्न पाएकी छैनन् ।

उनको घर जयगढमा सबैभन्दा पहिले बनेको पक्की घर पनि हो । सम्पत्तिको नाममा भएको एक घर, भाँडाकुडा, अन्नपात, गरगहना सबै जलेर खरानी भएपछि निर्मला घरविहीन भएकी छन् । १० वर्षअघि उनका श्रीमानको हृदयघातका कारण मृत्यु भएको थियो । गाउँपालिकामा कार्यालय सहयोगीको जागिरबाट छोराछोरी पढाइरहेकी उनलाई जायजेथा सबै गुमेपछि सकस भएको छ । आगलागी भएको बेला सबै आएर आश्वासन मात्रै दिएको उनले बताइन् ।

जयगढ बजारको आगलागीबाट जायजेथा सबै गुमाएका व्यापारी खगेन्द्र साउदको परिवार पनि घरविहीन बनेको छ । स्थानीय तह, प्रहरीलगायतले संकलन गरेको विवरणमा साउदको मात्रै १ करोड बराबरको क्षति भएको आँकलन गरिएको छ । जयगढका मुख्य व्यापारीको रूपमा परिचित साउदको घर, गोदाम, पसल सबै जलेको छ ।

गाउँपालिकाले ग्यास चुलो, २५ केजी चामल, तेल, ब्ल्याङ्केट साउदले दिएको भएपनि त्यसबाहेक अरू केही पनि नपाएको उनको गुनासो छ ।

आगलागीबाट पीडितलाई तत्काल राहतका लागि सुदूरपश्चिम प्रदेश सरकारबाट ५० लाख उपलब्ध गराउने निर्णय गरेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको प्रदेश विपद् जोखिम न्यूनीकरण तथा नियन्त्रण परिषद्को बैठकले अछामका आगलागी पीडितका लागि तत्काल बान्नीगढी जयगढ गाउँपालिकालाई ५० लाख सहयोग गर्ने निर्णय गरेको थियो ।

तर गाउँपालिकामार्फत पीडितलाई दिने भनिएको राहत रकम अहिलेसम्म गाउँपालिकाले प्राप्त नगरेको अध्यक्ष साउदले बताए ।

उनले विभिन्न व्यक्ति, संघ-संस्थाबाट अहिलेसम्म करिब ४ लाख जति नगद सहयोग उठेको जानकारी दिए ।

केन्द्र सरकारले पनि अहिलेसम्म कुनै चासो नदिएको उनको भनाइ छ । आगलागीलगत्तै अछामका सबैजसो स्थानीय तहले राहत रकम घोषणा गरे तापनि शनिबारसम्म कतैबाट रकम नआइसकेको उनले बताए ।

घटनास्थलको अनुगमनका लागि सामाजिक विकासमन्त्री मेघराज खड्का र आर्थिक मामिला तथा कानुनमन्त्री हिरा सार्कीले पहिलो चरणमा अनुगमन गरेका थिए । दोस्रो चरणमा प्रदेशका भौतिक पूर्वाधार तथा यातायात मन्त्री सुरेन्द्रबहादुर पालले समेत अनुगमन गरेका थिए ।

यसबीच रौतहटमा छुट्टाछुट्टै दुई स्थानमा भएको भीषण आगलागीबाट करोडौंको क्षति भएको छ । जिल्ला सदरमुकाम गौर र भारतीय सीमासँग जोडिएको बौधिमाई नगरपालिकाको कोपवा गाउँमा भएको आगलागीबाट झन्डै २ करोड रुपैयाँ बराबरको धनमाल जलेर नष्ट भएको प्रहरीले जनाएको छ ।

गौरको कबिर चोकस्थित स्थानीय कृष्णनन्दन पेटलको घरमा आगलागी हुँदा बाँस र खरले छाएको पटेलको कच्ची घर पूर्ण रूपमा जलेर नष्ट भएको छ भने घरमा राखिएको विभिन्न सामान जलेर खरानी भएको प्रहरीले जनाएको छ ।

यस्तै बौधिमाई नगरपालिका-५ कोपवाका धर्मेन्द्र जयवालको ३ तले पक्की घरको अन्डर ग्राउन्डमा रहेको गोदाम घरमा आगलागी भएको छ ।

पीडित जयसवालको गोदाममा अचानक विद्युत तार सर्ट भएर भीषण आगलागी हुँदा करोडौं मूल्य बराबरको रेडिमेड कपडा, मोटरसाइकल लगायतका सामान जलेर नष्ट भएको छ ।

आगलागीबाट ३ तले घरसहित गोदाममा रहेको १ करोड मूल्य बराबरको कपडा र चप्पल, एक थान मोटरसाइकल गरी कुल १ करोड ७६ लाख बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

दुवै घरमा गरी १ करोड ९७ लाख बराबरको क्षति भएको अनुमान गरिएको छ ।

# चार्टर्ड विमानमार्फत अमेरिकाले फर्काए ३ नेपाली

काठमाडौं-मस/अमेरिकाले ३ नेपालीलाई चार्टड विमानमार्फत नेपाल फर्काएको छ । अमेरिकाको टेक्सासमा अवैध रूपमा बस्दै आएका ३ युवकलाई शनिबार काठमाडौं छाडिएको हो ।



पर्वत, दाङ र रुकुम पश्चिमका ३ युवालाई अमेरिकाले नेपालसम्म ल्याइएको हो । विमानमा ७ जना रहेकोमा ४ बंगलादेशीलाई ढाकामा छाडेर ३ नेपालीलाई काठमाडौं ल्याएर छाडिएको हो । उनीहरूलाई मानव बेचबिखन अनुसन्धान ब्यूरोको जिम्मा लगाइएको विमानस्थलस्थित अध्यागमन प्रमुख तिर्थराज भट्टराईले बताए ।

यसअघि २१ फागुनमा चार्टड विमानमार्फत ८ नेपालीलाई काठमाडौं ल्याइएको थियो । अमेरिकाको राष्ट्रपतिमा डोनाल्ड ट्रम्पले कार्यभार सुरु गरेयता अवैध रुपमा बस्दै आएका आप्रवासीविरुद्ध कारबाहीलाई तीव्र बनाइएको छ ।

# राष्ट्रपति बनेर फेरि सेवा गर्ने चाहना छः पुन

सूर्यप्रसाद भुसाल/मध्यान्ह
प्यूठान, ६ वैशाख

नेकपा माओवादी केन्द्रका उपाध्यक्ष तथा पूर्व उपराष्ट्रपति नन्दकिशोर पुनले आफू परिवर्तन, गणतन्त्र जनअधिकार स्थापनाका लागि लडेको व्यक्ति भएकोले बाँकी जीवन पनि जनताको सेवामा समर्पित गर्न पार्टी राजनीतिमा पुनः सक्रिय भएको बताएका छन् । प्रेस सेन्टर नेपाल प्यूठानले शनिबार आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा बोल्दै पुनले भने, 'पार्टीले जिम्मेवारी दिएकोले फर्किएको हुँ । मेरो लक्ष्य समाजवादी गणतन्त्र र वैज्ञानिक समाजवाद हो । राष्ट्रपति बन्ने



अवसर आयो भने, त्यो पनि स्वाभाविक रूपमा लिन्छु ।'

सत्तामा रहँदा संघदेखि स्थानीय तहसम्म सञ्चालन गर्ने कानुनी पूर्वाधार तयार गर्न चुकेको स्वीकार गर्दै पुनले अब शहीद तथा बेपत्ता परिवारका गम्भीर सुझावलाई आत्मसात गरेर नयाँ रणनीति बनाइने बताए ।

उनले भने, 'हामीबाट गल्ती भयो भन्ने आत्मसमीक्षा गरेका छौं । अब तिनीहरूकै सुझावअनुसार सुधार गरिन्छ । सुशासनको पक्षमा दृढताका साथ लड्ने पार्टी माओवादी नै हो ।' सरकारमा हुँदा कांग्रेस वा एमालेसँगको गठबन्धनलाई 'पवित्र र लोकतान्त्रिक' भन्नेको माओवादीले, सत्ता बाहिर रहँदा भने अरु दलहरु बिचको गठबन्धनलाई 'अलोकतान्त्रिक र सामन्ती'भन्दै आलोचना गर्दै आएको छ । यही भाषा पुनले पनि प्रयोग गरे ।

प्यूठान नगर सम्मेलनको उद्घाटनका लागि आएका पुनले माओवादीको मुख्य उद्देश्य स्थायित्व र संघीय प्रणालीलाई बलियो बनाउने रहेको बताए । उनले भने, 'संघीयताको संरचना त बन्यो, तर आवश्यक अधिकार दिइएन । स्थायी सरकारका लागि तीनवटै तहमा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख चाहिन्छ । मिश्रित प्रणाली होइन, पूर्ण समानुपातिक प्रणाली लागू गर्नुपर्छ । प्रदेश र स्थानीय तहलाई पूर्ण अधिकार सम्पन्न बनाइनुपर्छ ।'

उनले मन्त्रिमण्डल विज्ञहरूमार्फत बनाउनुपर्ने धारणा पनि राखे । शिक्षा ऐनको सन्दर्भमा उनले भने, 'प्रचण्डको पालामा सहमतिका साथ अगाडि बढेको विद्यालय शिक्षा ऐन अहिलेको सरकारबाट अलमलमा परेको छ ।'

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

केन्द्रीय कार्यालय:
ज्ञानेश्वर-३०, काठमाण्डौं
फोन नं.: ०१-५९७००३०
टोल फ्रि नं.:१६६००-११-३०००
Email: customercare@kamanasewabank.com
www.kamanasewabank.com

## यस बैंकको विभिन्न शाखा कार्यालयमा धितो सुरक्षणमा रहेको अचल सम्पत्ति (घर/जग्गा) लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

**प्रकाशित मिति : २०८२/०१/०७**

यस विकास बैंकको विभिन्न शाखा कार्यालयबाट तपसिलमा उल्लिखित तपाईं ऋणीले विभिन्न कर्जा शीर्षकमा उपभोग गर्नुभएको ऋणकर्जा बैंकसँग भए गरेको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरी बैंकसँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएकोले बैंकले विभिन्न मितिमा ऋणकर्जा चुक्ता भुक्तान गर्न आउनु भनी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी/धितो तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई सूचित गर्दा समेत उक्त ऋणकर्जाको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेकोले उक्त ऋणकर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लिखित सम्पतिहरु जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियम तथा प्रचलित ऐन, कानूनको अधीनमा रही गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुलउपर गर्ने उद्देश्यले १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उपरोक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ-संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) तल तोकिएको समय भित्र यसै सूचना तथा बोलपत्र फारममा उल्लिखित शर्तहरुको अधीनमा रही रीतपूर्वक भरी यस बैंकको केन्द्रीय कार्यालय, ज्ञानेश्वर, काठमाडौंमा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ । साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति (घर/जग्गा) लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री भई बैंकले असुलउपर गर्नुपर्ने सम्पूर्ण लेना रकम उसुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकको कर्जा असुली नीति तथा अन्य प्रचलित ऐन, कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी, धितो तथा व्यक्तिगत धनजमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्नको लागि सिफारिस गरि पठाइने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

| ऋणी तथा धनजमानीकर्ताको विवरण | धितो/धनजमानीकर्ताको विवरण |
|---|---|
| १) **डल्फिन फार्मेसी**<br>**र.प.नं.**: ३७४०३१३०५२४४५<br>ठेगाना : चन्द्रपुर न.पा वडा नं ०४, रौतहट<br>जारी गर्ने कार्यालय : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, औषधी व्यवस्था विभाग, विरगंज<br>स्थायी लेखा नं.: ६०६३०१९०५<br>**प्रोप्राईटर/धनजमानीकर्ता : शुशिला कुमारी पंडीत**<br>**ना.प्र.नं.** : ५५२१<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रौतहट<br>पति : नवल किशोर पंडीत<br>ससुरा : रामानन्द पंडित<br>ठेगाना : रौतहट जिल्ला, वसन्तपट्टी गा.वि.स.वडा नं ०७, हाल चन्द्रपुर न.पा वडा नं.०४ | **नवल किशोर पंडित**<br>**ना.प्र.नं.** : ३१७८<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रौतहट<br>बाबु : रामानन्द पंडित<br>बाजे : रघुविर पंडित<br>ठेगाना : रौतहट जिल्ला, वसन्तपट्टी गा.वि.स.वडा नं ०७, हाल चन्द्रपुर न.पा.वडा नं ०४<br>**शाखा कार्यालय : चन्द्रपुर**<br>**कर्जा शीर्षक : सरल व्यापार अधिविकर्ष कर्जा** |

**धितोमा रहेको सम्पत्तिको विवरण** : १) शुशिला कुमारी पंडीतको नाममा मालपोत कार्यालय, चन्द्रनिगाहपुर, रौतहटमा दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा):

| धितोमा रहेको सम्पत्ति घर जगगाको ठेगाना | कित्ता नं. | क्षेत्रफल (बि.रो/ब.मी) |
|---|---|---|
| चन्द्रनिगाहपुर-०२ | २२२६ | ०-०-१४-८ (२४५.५०) |

साथै, सम्पूर्ण लिगलगापात समेत ।

| ऋणी तथा धनजमानीकर्ताको विवरण | धितो/धनजमानीकर्ताको विवरण |
|---|---|
| २) **अमन यादव**<br>**ना.प्र.नं.**: ३२१०६७/२३६<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रौतहट<br>बाबु : हृदय नारायण राय यादव<br>बाजे : राम लोचन राय यादव<br>ठेगाना : रौतहट जिल्ला, पिप्रापोखरिया ०६, हाल कटहरीया न.पा.वडा नं.०९<br>**शाखा कार्यालय : चन्द्रपुर**<br>**कर्जा : सरल अधिविकर्ष कर्जा**<br>**धितो/धनजमानीकर्ताको विवरण**<br>**शान्ती देवी**<br>**ना.प्र.नं.**: ५४१<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रौतहट<br>पति : हृदय नारायण राय यादव<br>ससुरा : राम लोचन राय यादव<br>ठेगाना : रौतहट जिल्ला, हथियाही-०६, हाल कटहरीया न.पा.वडा नं.०९ | **गजेन्द्र यादव**<br>**ना.प्र.नं.**: १९८१<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, रौतहट<br>बाबु : हृदय नारायण राय यादव<br>बाजे : राम लोचन राय यादव<br>ठेगाना : रौतहट जिल्ला, पिप्रापोखरिया ०६, हाल कटहरीया न.पा.वडा नं.०९<br>**रिझन यादव**<br>**ना.प्र.नं.**: ३२-०१-७३-०२९४३<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, रौतहट<br>बाबु : हृदय नारायण राय यादव<br>बाजे : राम लोचन राय यादव<br>ठेगाना : रौतहट जिल्ला, पिप्रापोखरिया ०६, हाल कटहरीया न.पा.वडा नं.०९ |

**धितोमा रहेको सम्पत्तिको विवरण** : १) शान्ती देवीको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटमा दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा):

| धितोमा रहेको सम्पत्ति घर जगगाको ठेगाना | कित्ता नं. | क्षेत्रफल (बि.रो/ब.मी) |
|---|---|---|
| हथियाही-७, रौतहट नक्सा सिट नं.७ख | २६२ | ०-५-०-० (१६९३.२०) |

साथै, सम्पूर्ण लिगलगापात समेत ।

| ऋणी तथा धनजमानीकर्ताको विवरण | धितो/धनजमानीकर्ताको विवरण |
|---|---|
| ३) **रामजीवन साह**<br>**ना.प्र.नं.**: ०४९०३५४७<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, महोत्तरी<br>बाबु : रामचन्द्र साह तेली<br>बाजे : जुरा साह<br>ठेगाना : महोत्तरी जिल्ला, रामनगर गा.वि.स./उ.म.न.पा. वडा नं.०६ हाल गौशाला न.पा.वडा नं.०४<br>**शाखा कार्यालय : बर्दिवास**<br>**कर्जा शीर्षक : सरल अधिविकर्ष कर्जा, सजिलो लघु कर्जा तथा ओडि कार्ड कर्जा** | **अनिता देवी साह**<br>**ना.प्र.नं.**: १८३०६९/६६३<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, महोत्तरी<br>पति : रामजीवन साह<br>ससुरा : जुरा साह<br>ठेगाना : महोत्तरी जिल्ला, गौशाला गा.वि.स.वडा नं.०७ हाल गौशाला न.पा.वडा नं.०४ |

**धितोमा रहेको सम्पत्तिको विवरण** : १) रामजीवन साहको नाममा मालपोत कार्यालय, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा)

| धितोमा रहेको सम्पत्ति घर जगगाको ठेगाना | कित्ता नं. | क्षेत्रफल (बि.रो/ब.मी) |
|---|---|---|
| ५ नं. बहादुर गञ्ज-३, नक्सा सिट नं.३ग | १८३ | ०-१४-०-० (४७४०.९५) |

साथै, सम्पूर्ण लिगलगापात समेत ।

| ऋणी तथा धनजमानीकर्ताको विवरण | धितो/धनजमानीकर्ताको विवरण |
|---|---|
| ४) **आधुनिक केरा खेती कृषि फार्म**<br>**उद्योग दर्ता नं** : ७९८६/९३४/०७७/०७८<br>ठेगाना : गौशाला न.पा वडा नं ०४, महोत्तरी<br>जारी गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर, महोत्तरी<br>स्थायी लेखा नं.: १२५३९५७५१<br>**सञ्चालक/धनजमानीकर्ता : अजय कुमार कुशवाहा**<br>**ना.प्र.नं.**: ८६४४२७५५<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, महोत्तरी<br>बाबु : भुवनेश्वर प्रसाद कुशवाहा<br>बाजे : दोरीक महतो कोइरी<br>ठेगाना : महोत्तरी जिल्ला, गौशाला न.पा.वडा नं ०४<br>**शाखा कार्यालय : बर्दीबास**<br>**कर्जा शीर्षक : साना व्यापार कर्जा (अधिविकर्ष)** | **रेणु कुमारी**<br>**ना.प्र.नं.**: १८२०६९/२५७८<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, महोत्तरी<br>पति : अजय कुमार कुशवाहा<br>ससुरा : भुवनेश्वर प्रसाद कुशवाहा<br>ठेगाना : महोत्तरी जिल्ला, गौशाला न.पा.वडा नं ०४<br>**पवित्री देवी**<br>**ना.प्र.नं.**: ४९७३<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, महोत्तरी<br>पति : भुवनेश्वर प्रसाद कुशवाहा<br>ससुरा : दोरीक महतो कोइरी<br>ठेगाना : महोत्तरी जिल्ला गौशाला न.पा.वडा नं ०४ |

**धितोमा रहेको सम्पत्तिको विवरण** : १) अजय कुमार कुशवाहाको नाममा मालपोत कार्यालय, जलेश्वर, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा):

| धितोमा रहेको सम्पत्ति घर जगगाको ठेगाना | कित्ता नं. | क्षेत्रफल (बि.रो/ब.मी) |
|---|---|---|
| शिवभक्तीखोर-०८, महोत्तरी, नक्सा सिट नं. ८क | ८७८ | ०-०-११-० (१८६.२३) |
| | ३८३ | ०-०-१०-० (१६९.३२) |
| | ८५७ | ०-०-५-० (८४.६६) |

साथै, सम्पूर्ण लिगलगापात समेत ।

| ऋणी तथा धनजमानीकर्ताको विवरण | धितो/धनजमानीकर्ताको विवरण |
|---|---|
| ५) **नमस्ते किसान सेन्टर**<br>**प्रा.फ.र.नं** : ७०३०/७०१/०७७/०७८<br>ठेगाना : गौशाला न.पा वडा नं ०४, महोत्तरी<br>जारी गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, महोत्तरी<br>स्थायी लेखा नं.: ६१४६४९५६३<br>**प्रोप्राइटर/धनजमानीकर्ता : रेणु कुमारी**<br>**ना.प्र.नं.**: १८२०६९/२५७८<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, महोत्तरी<br>पति : अजय कुमार कुशवाहा<br>ससुरा : भुवनेश्वर प्रसाद कुशवाहा<br>ठेगाना : महोत्तरी जिल्ला, गौशाला न.पा.वडा नं.०४<br>**शाखा कार्यालय : बर्दीबास**<br>**कर्जा शीर्षक : साना व्यापार कर्जा अधिविकर्ष** | **पवित्री देवी**<br>**ना.प्र.नं.**: ४९७३<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, महोत्तरी<br>पति : भुवनेश्वर प्रसाद कुशवाहा<br>ससुरा : दोरीक महतो कोइरी<br>ठेगाना : महोत्तरी जिल्ला, गौशाला न.पा.वडा नं. ०४<br>**अजय कुमार कुशवाहा**<br>**ना.प्र.नं.**: ८६४४२७५५<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, महोत्तरी<br>बाबु : भुवनेश्वर प्रसाद कुशवाहा<br>बाजे : दोरीक महतो कोइरी<br>ठेगाना : महोत्तरी जिल्ला, गौशाला न.पा.वडा नं.०४ |

**धितोमा रहेको सम्पत्तिको विवरण** : १) अजय कुमार कुशवाहाको नाममा मालपोत कार्यालय, जलेश्वर, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा):

| धितोमा रहेको सम्पत्ति घर जगगाको ठेगाना | कित्ता नं. | क्षेत्रफल (बि.रो/ब.मी) |
|---|---|---|
| शिवभक्तीखोर-०८, महोत्तरी, नक्सा सिट नं.८क | ३६६ | ०-०-६.५-० (११०.०६) |
| | ८८० | ०-०-९-० (१५२.३७) |

साथै, सम्पूर्ण लिगलगापात समेत ।

**धितो लिलाम बिक्री सम्बन्धी शर्तहरु :**

१. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर र बैंकका शाखा कार्यालयहरुबाट रु. १,००० (एक हजार रुपैया मात्र फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिनेछ । बोलपत्रमा बोलपत्र दाताहरुको हस्ताक्षर सहित खामबन्दी गरी खाममा बाहिरपट्टि लिलाम बढाबढ मार्फत सम्पत्ति (घर/जग्गा) खरिद गर्न चाहेको लिलाम बिक्रीको बोलपत्र भनी स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ । संस्था भएमा संस्थाको छाप र अख्तियार प्राप्त व्यक्तिको हस्ताक्षर र छाप समेत अनिवार्य लगाएको हुनुपर्नेछ ।

२. गोप्य सिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र र अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा-३०, ज्ञानेश्वरमा आइपुग्ने गरी कार्यालय समय भित्र दाखिला गरी दर्ता गरि सक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त उल्लेख गरि दिएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

३. आफूले खरिद गरी लिन चाहेको धितोमा रहेको सम्पत्ति (घर/जग्गा) के कति रकममा लिन चाहेको हो सो रकमको विवरण अङ्क र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ । अङ्क र अक्षरमा फरक फरक ब्यहोरा लेखिएको भए अक्षर मा लेखिएको ब्यहोरालाई मान्यता दिईनेछ ।

४. बोलपत्रदाताले बोलपत्र आवेदनसाथ आफूले खरिद गर्न कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत यस बैंकको धरौटी खातामा नगदै दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक वा वित्तीय संस्थाको Good for Payment गरिएको A/C Payee Cheque संलग्न गर्नु पर्नेछ र सो र कममा कुनै ब्याज दिईने छैन । साथै लिलाम सदर वा बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता हुने छैन ।

५. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म, कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा नागरिकताको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, संचालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रतिलिपि, करचुक्ता आदि आवेदन साथ पेश गर्नुपर्नेछ ।

६. रीतपूर्वक पर्न आएका बोलपत्र यो सूचनाको म्याद समाप्त भएको लगतैको कार्यदिनमा दिनको ४:३० बजे बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा बोलपत्रदाता वा निजको प्रतिनिधि र उपस्थित सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । सो दिन लिलाम विक्री सम्वन्धी काम समाप्त नभएमा वा सो दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदा पछि लगत्तै कार्यालय खुलेको दिन लिलाम विक्री सम्वन्धी काम सम्पन्न गरिनेछ । साथै प्रतिनिधि उपस्थित नभए पनि गोप्य सिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा धरौटी बाहेकको बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिए पश्चात बैंकले तोकेको मितिभित्र यस बैंकमा नगदै जम्मा गरि धितोमा रहेको (लिलाम सकार गरेको) सम्पत्ति आफ्नो नाममा दाखिल खारेज गराई लिनु पर्नेछ । यसरी बाँकी रकम जम्मा गर्ने समयसीमा प्रदान गर्ने अधिकार यस बैंकमा निहित रहनेछ । सम्पत्ति (घर/जग्गा) नामसारी गर्न लाग्ने सरकारी राजस्व, शुल्क तथा अन्य सम्पूर्ण खर्चहरु सकार गरि लिने स्वयमले व्यहोर्नु पर्नेछ ।

| | | आनन्दवन-०८ | ८ख | ८८९ | ०-०-१६-० (२७०.९१) | सम्पूर्ण लिगलगापात समेत |
| | | गंगोलिया-०२ | २क | ९९८ | ०-१-०-० (३४७.०५) | सम्पूर्ण लिगलगापात समेत |
| | | केरवानी-०५ | ५ख | ७०६ | ०-४-९-० (१५०६.९५) | सम्पूर्ण लिगलगापात समेत |
| | | केरवानी-०५ | ५ख | ७०८ | ०-३-११-० (१२०२.१७) | सम्पूर्ण लिगलगापात समेत |
| | | गंगोलिया-०२ | २क | ७ | ०-२-३-० (७२७.९५) | सम्पूर्ण लिगलगापात समेत |
| १० | स्याङ्जा | वालिङ्ग-०४ | ४ | २०६० | ०-३-०-० (९५.३९) | सम्पूर्ण लिगलगापात समेत |
| | | वालिङ्ग-०४ | ४ | २०६१ | ०-३-०-० (९५.३९) | सम्पूर्ण लिगलगापात समेत |
| | | वालिङ्ग-०४ | ४ | २०६२ | ०-३-०-० (९५.३९) | सम्पूर्ण लिगलगापात समेत |
| | | वालिङ्ग-०४ | ४ | २०६३ | ०-३-०-२ (९९.३६) | सम्पूर्ण लिगलगापात समेत |
| ११. | धनुषा | जनकपुर-०८ | १३१५१७ | ३१८ | ०-१-९-२ (४९९.४९) | सम्पूर्ण लिगलगापात समेत |

**थप जानकारीः**
- बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको कर्जा असुली बिभाग, ज्ञानेश्वर, काठमाडौं वा कामना सेवा विकास बैंकको पायक पर्ने जुनसुकै शाखा कार्यालयहरुबाट प्राप्त गर्न सकिनेछ। साथै बोलपत्र फारममा उल्लेखित शर्त बन्देजहरु समेत यसै सूचनाको अभिन्न अङ्ग हुनेछ।
- लिलाम हुने सम्पत्ति निरिक्षण अवलोकन गर्नुपरेमा वा लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको कर्जा असुली विभाग, ज्ञानेश्वर, काठमाडौं वा कामना सेवा विकास बैंकको पायक पर्ने जुनसुकै शाखा कार्यालयहरुमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।
- माथि उल्लेखित क्र.सं.अनुसार खरिद गर्न चाहेको सम्पत्तिको लागि छुट्टा छुट्टै मूल्य उल्लेख गरी बोलपत्र पेश गर्नुपर्नेछ।
- बैंकलाई स्वीकार्य हुने बोलपत्र प्राप्त भएको अवस्थामा छुट्टा छुट्टै रुपमा बिक्री गर्न सकिनेछ।
- अन्य शर्तबन्देजहरु बोलपत्रमा उल्लेख गरे बमोजिम हुनेछ।

# नेपाल यू-१९ विश्वकपमा छनोट हुन असफल, अफगानिस्तान पुग्यो



काठमाडौं/मस-नेपाल आइसिसी यू-१९ विश्वकपमा छनोट हुन असफल भएको छ।

अफगानिस्तानसँगको निर्णायक खेल वर्षाका कारण रद्द भएपछि समान ७ अंक भएपनि रनरेटमा अघि रहँदै अफगानिस्तान विश्वकपमा छनोट भएको हो। शनिबार बिहान ९:३० का लागि तय खेल दिउँसो २ बजे रद्द गरिएको हो। पछि वर्षा रोकिएपनि मैदान चिसो भएका कारण खेल हुन नसकेपछि दुवै टोलीले एकएक अंक बाँडेका हुन्।

५ टोली सहभागी विश्वकप एशिया छनोटमा लिगको नेट रनरेटको आधारमा शीर्षस्थानमा रहेपछि अफगानिस्तान विश्वकपमा पुगेको हो।

गत संस्करण यसै क्षेत्रबाट छनोट हुँदै विश्वकप पुगेको नेपाल यसपल्ट पनि सोही सफलता नजिक पुगेको थियो। तर लिगको अन्तिम खेलमा वर्षाका कारण मैदान भिजेपछि नेपाल विश्वकपमा पुग्न असफल भएको हो। गत संस्करणमा नेपाल अफगानिस्तानलाई पराजित गर्दै विश्वकपमा छनोट भएको थियो। यो संस्करणमा नेपाललाई पछि पार्दै अफगानिस्तानले विश्वकप २०२६ का लागि छनोट भएको हो।

यो संस्करणमा नेपाल र अफगानिस्तानले हङकङ, ओमान र यूएईलाई पराजित गरेका थिए।

यू-१९ विश्वकप क्रिकेट सन् २०२६ को जनवरी फेब्रुअरीमा जिम्बाबे र नामिबियामा हुनेछ।

यता, नेपाली यु-१९ क्रिकेट टोलीका प्रशिक्षक शक्ति गौचनले विश्वकपमा छनोटबाट वञ्चित भएपछि अफगानिस्तानविरुद्ध जित निकाल्ने आत्मविश्वास रहेको बताएका छन्।

प्रशिक्षक शक्तिले अफगानिस्तानविरुद्ध जित निकाल्न खेलाडीहरूमा बलियो आत्मबल रहे पनि वर्षा बाधक भएको बताए।

गौचनले ३ महिना छनोटको तयारी गर्दा विश्वकप खेल्ने सपना बनाए पनि वर्षाले गर्दा सम्भव नभएको बताए।

यो ब्याचको यु-१९ टोलीका खेलाडी अधिकांश नयाँ रहे पनि क्षमतावान खेलाडी रहेको उनको भनाइ छ। उनीहरूले आफूलाई पनि हरेक दिन सुधार गर्दै लगेको प्रशिक्षक गौचनले बताए। अहिले विश्वकपमा छनोट हुन असफल भए पनि यो पुस्ताका खेलाडीले राष्ट्रिय टोलीबाट खेल्ने उनको विश्वास छ।

अफगानिस्तानका प्रशिक्षक रेइस अहमदजाईले नेपाली टोली पनि बलियो रहेको र उनीहरूले धेरै राम्रो प्रदर्शन गरेको उल्लेख गर्दै विश्वकपमा छनोट हुन नसक्नु अभावी रहेको बताए। आफ्नो टोलीविरुद्ध नेपालका खेलाडीले राम्रो प्रदर्शन गरेको भन्दै उनले प्रशंसा पनि गरेका छन्। नेपाली टोली विश्वकप खेल्नयोग्य रहेको पनि उनले प्रतिक्रिया दिए। आफू युद्धकै अवस्थाबाट हुर्किएको उल्लेख गर्दै यो सफलता आफ्नो देशका लागि मुस्कान हुने उनको विश्वास छ।

# क्लासिक सुईट्स टी-२० वुमन्स सुपर कप क्रिकेट हुने

**पोखरा/मस**-पोखरामा क्लासिक सुईट्स टी-२० वुमन्स सुपर कप क्रिकेट च्याम्पीयनसीप हुने भएको छ। पोखरा महानगरपालिका क्रिकेट संघको आयोजनामा पोखराको लेखनाथस्थित ईडन हेभन क्रिकेट मैदानमा प्रतियोगिता हुने भएको हो।

प्रतियोगिता ८ वैशाखदेखि १० गतेसम्म सञ्चालन हुने संघका अध्यक्ष वीरेन्द्र पुनले जानकारी दिए।

प्रतियोगितामा ३ टिम सहभागी हुनेछ। डवल राउन्ड रोविनका आधारमा हुने प्रतियोगितामा फिस्टेल अप्मस्ट, ईस्लामिया कंकरस र पोखरा फिनिक्सले सहभागिता जनाउने अध्यक्ष पुनले बताए। उनका अनुसार गत हप्तामात्र सम्पन्न अन्तर विद्यालय पोखरा महानगरपालिका स्तरीय टि-२० क्रिकेट प्रतियोगिताबाट उत्कृष्ट ३६ जना खेलाडी छनौट गरिएको थियो। सो प्रतियोगिताबाट छनोट भएका खेलाडीलाई विभाजन गरेर ३ टीम बनाई सुपर कप आयोजना गर्न लागिएको उनको भनाइ छ।

सुपर कप च्याम्पियनसीपबाट उत्कृष्ट १४ जना खेलाडी छनौट गरेर पोखरा महानगरपालिकाको टिम निर्माण गरिने अध्यक्ष पुनले जानकारी दिए। सोहि टिमले केहि समयपछि हुने देशका ६ वटा महानगरपालिकाबीच हुने प्रतियोगितामा सहभागिता जनाउने छ।यसैबीच, प्रतियोगिताका लागि तीन वटै टिमलाई आयोजकले जर्सी हस्तान्तरण गरेको छ। तीन वटै टिमका टिम क्याप्टेनलाई पोखरा महानगरपालिका क्रिकेट संघको तर्फबाट क्रिकेट एशोसियसन नेपाल क्यान तथा आईसिसीका क्रिकेट अम्पायर मोहम्मद सफिक (समीर खान)ले जर्सी हस्तान्तरण गरेका हुन्। जर्सी हस्तान्तरण लगत्तै उनले सुपर कप वुमन्स च्याम्पीयनसीपको ट्रफी पनि सार्वजनिक भएको थियो।

प्रतियोगिताको विजेता र उपविजेतालाई ट्रफी प्रदान गरिने पोखरा महानगरपालिका क्रिकेट संघका सचिव कपिलदेव गौतमले जानकारी दिए। प्रतियोगितामा प्लेयर अफ दी सिरिज र हरेक दिनको प्लेयर अफ दी म्याचलाई पनि ट्रफी प्रदान गरिने उनले बताए।

# फुटबलर कार्लोस एलओडीमा आउने



काठमाडौं/मस- एलओडी क्लबमा चर्चित ब्राजिलियन फुटबल स्टार खेलाडी रोबर्टो कार्लोस आउने भएका छन्। ९ वैशाखमा एलओडी क्लबमा फुटबल खेलाडी कार्लोस आउने क्लबका निर्देशक भुपेन कुँवरले जानकारी दिए।

दशरथ रंगशालामा भइरहेको नेपाल सुपर लिगका लागि नेपाल आएका कार्लोस मंगलबार साँझ क्लबमा नेपाली युवा पुस्ताबीच रमाउने निर्देशक कुँवरले जानकारी दिए।

कार्लोसलाई हेर्न चाहनेका लागि मंगलबार एलओडी साँझमा जान सकिनेछ।

# बङ्लादेशसँग महिला कबडी शृंखला आजदेखि




**काठमाडौं/मस-** नेपाली राष्ट्रिय महिला कबड्डी टोलीले आइतबारदेखि घरेलु भूमिमा बङ्लादेशसँग ५ दिवसीय शृंखला खेल्ने भएको छ।

अखिल नेपाल कबड्डी संघले बाङ्लादेशसँग नेपालको ५ दिवसीय शृंखला खेल्ने घोषणा गरेको हो। १२ वैशाखसम्म हुने शृंखलाका खेलहरू सातदोबाटोस्थित तेक्वान्दो कभर्डहलमा हुनेछ। शृंखलाको पहिलो खेल वैशाख ७ गते, दोस्रो वैशाख ८ र तेस्रो खेल वैशाख ९ गते हुनेछन्।

त्यसपछि वैशाख १० गते विश्राम दिइएको छ। वैशाख ११ गते चौथो र वैशाख १२ गते पाँचौं खेल तय गरिएको छ।

कबड्डी संघका महासचिव अरविन्दकुमार झाले कबड्डीको लोकप्रियता बढेसँगै सुखद नतिजा आएको समयमा बाङ्लादेशसँग शृंखला खेल्न लागेको उल्लेख गरे। नेपाली महिला कबड्डीले सन् २०२३ मा चीनको हाङझाउमा भएको एसियन गेम्समा ऐतिहासिक कांस्य पदक जितेपछि नेपालमा यो खेलको लोकप्रियता बढ्दै गएको छ।

नेपालको कबड्डीले पहिलोपल्ट एसियन गेम्समा पदक जितेको हो। त्यति बेला बाङ्लादेशलाई हराउँदै नेपालले त्यो पदक जितेको थियो। त्यसपछि पहिलोपल्ट बाङ्लादेशसँग नेपालले खेल्न लागेको हो।बाङ्लादेश कबड्डी संघसँग हरेक वर्ष ३ वटा शृंखला खेल्ने अखिल नेपाल कबड्डी संघले सम्झौता गरेको छ। यसअघि नै नेपाली पुरुष टोलीले भने बाङ्लादेश भ्रमण गरिसकेको छ। उक्त ५ खेलको शृंखलामा बाङ्लादेशले ४-१ को जित निकालेको थियो।

यस शृंखला एसिया कबड्डी महासंघको मान्यतामा हुन लागेको हो। कबड्डीमा कुनै पनि राष्ट्रिय महिला टोलीले पहिलोपल्ट शृंखला खेल्न लागेको अखिल नेपाल कबड्डी संघले जनाएको छ। बाङ्लादेशको टोली आगामी शनिबार नेपाल आउने कार्यक्रम रहेको छ। सोही दिन नै ट्रफी सार्वजनिक हुने भएको छ। संघले पछिल्लो दुई वर्षयता नियमित रूपमा नेपाली पुरुष र महिला कबड्डी टोलीलाई मूलपानीमा बन्द प्रशिक्षणमा राखेको छ। नेपाली महिला टोली अहिले विश्व वरीयतामा तेस्रो स्थानमा छ।

नेपाली टोली अहिले भारतको बिहारमा जुन १ देखि १३ सम्म हुने विश्वकपको तयारीमा पनि छ। यसैको तयार स्वरूप नेपालले बाङ्लादेशसँग शृंखला खेल्न लागेको हो।

संघले आगामी एक वर्षका लागि सञ्चारकर्मी तथा मोडल बिभूषा बस्नेतलाई ब्रान्ड एम्बासडर घोषणा गरेको छ।

# ६ वर्षपछि नेपालगञ्ज रङ्गशालामा ठूलो प्रतियोगिता




**नेपालगंज/मस-** लामो समयपछि नेपालगञ्जमा सुरु भएको अन्तर्राष्ट्रियस्तरको लुम्बिनी कप महिला फुटबल प्रतियोगिताले रङ्गशालामा रौनक थपिएको छ।

बाँकेमा आठौं राष्ट्रिय खेलकुद पछि करिब ६ वर्षसम्म ठूलो प्रतियोगिता हुन नसक्दा अलपत्र रहेको नेपालगञ्ज रङ्गशालामा लुम्बिनी कप फुटबलले खेलकुदको रौनक ल्याएको बाँके जिल्ला फुटबल संघका अध्यक्ष भोजराज शाहीले बताए।

'लुम्बिनी कप अन्तर्राष्ट्रिय आमन्त्रण महिला फुटबलका लागि रङ्गशालालाई चिटिक्क पारिएको छ, आठौं राष्ट्रिय खेलकुदपछि ठूलो प्रतियोगिता नेपालगञ्ज रङ्गशालामा भएकाले स्थानीय खेलाडी तथा फुटबलप्रेमीमा खुसी छाएको छ,' अध्यक्ष शाहीले भने।

अन्तर्राष्ट्रियस्तरको प्रतियोगिता भएकाले लुम्बिनी कप महिला फुटबललाई लक्षित गरी केही महिनादेखि नै रङ्गशालाको सजावट थालिएको थियो। नियमित पानी राख्दा दुबो पलाएर यतिबेला रङ्गशालामा हरियाली छाएको लुम्बिनी कप महिला फुटबल प्रतियोगिताको आयोजक अन्तरालाका प्रमुख कार्यकारी जयनारायण शाहले बताए।

विगतमा सरसफाइ र मर्मतमा उचित बजेट नहुँदा जीर्ण बन्दै गएको यो रङ्गशालामा नियमित अभ्यास हुन सकेको थिएन। आठौं राष्ट्रिय खेलकुदपछि पहिलोपटक प्रतियोगिता सुरु भएपछि रङ्गशालामा चहलपहल बढेको साविक मध्यपश्चिम खेलकुद विकास समितिका अध्यक्ष भीम ओलीले बताए।

आठौं राष्ट्रिय खेलकुदका बेला रोपिएको बर्मुडा दुबोको नामोनिसान मेटिए पनि दैनिक स्याहार गर्दा स्थानीय दुबो पलाएर अहिले नेपालगञ्ज रङ्गशाला आकर्षक देखिएको छ।

जिल्ला फुटबल सङ्घ बाँकेको सहकार्यमा शुक्रबार सुरु भई वैशाख १२ गतेसम्म चल्ने 'लुम्बिनी कप अन्तर्राष्ट्रिय आमन्त्रण महिला फुटबल' प्रतियोगितामा भारतको सिलगुडीसहित आठवटा टिमको सहभागिता छ।

प्रतियोगिताको विजेता समूहले ५ लाख पाँच हजार ५५५ रुपैयाँ र उपविजेता समूहले २ लाख ५० हजार रुपैयाँ, ट्रफी, मेडल प्राप्त गर्ने आयोजक अन्तरालका प्रमुख कार्यकारी शाहले जानकारी दिए।


**शिलवन्दी बोलपत्रद्वारा काठ दाउरा लिलाम बिक्रीको सूचना**

**प्रथम पटक प्रकाशित २०८२/०१/०७**

यस भानुभक्त बहुमुखी क्याम्पस शुक्लागण्डकी न.पा. ५ तनहुँको क्याम्पस कम्पाउण्डमा कटान गरी घाटगद्दी गरिएका लट नं. १ को खयर जातको गोलिया थान ८०१ को ४३६.०१ क्यू.फि. हर्टउड (६१०.१४ क्यू.फि.स्यापउड सहित) र लट नं. २ को सिसौ जातको गोलिया थान ९६ को ५८३.५२ क्यू.फि. काठ तथा सिसौ जातको दाउरा २.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा शिलवन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ। इच्छुक वन पैदावारमा अधारित सूचिकृत उद्योग, फर्म वा कम्पनिले तोकिएको मितिमा हुने लिलाम बढाबढमा भाग लिन आमन्त्रण गरिन्छ। थप जानकारीको लागि यस क्याम्पसमा सम्पर्क राख्न सकिनेछ।

**भानुभक्त बहुमुखी क्याम्पस, शु.न.पा. ५ तनहुँ, फोन न ०६५-५७१२४०**



**काबेली हाइड्रोपावर कम्पनी लिमिटेड**

(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)
कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा-३०, ज्ञानेश्वर, काठमाडौं
फोन: ०१-४५४२७८२ ईमेल: kabeli.hydro5@gmail.com

**विशेष साधारण सभा सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित २०८२/०१/०७**

**श्री शेयरधनी महानुभावज्यूहरु,**

यस काबेली हाइड्रोपावर कम्पनी लिमिटेडको मिति २०८२/०१/०५ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको विशेष साधारण सभा तपसिल बमोजिमको मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) तथा कम्पनी नियमावलीको नियम १८ को उपनियम (३) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**विशेष साधारण सभा हुने मिति, समय र स्थान :**

**मिति : २०८२ साल बैशाख २२ गते सोमबार (तदनुसार सन् २०२५ मे ५)**
**समय : बिहानको ठिक ११:०० बजे।**
**स्थान : कम्पनीको केन्द्रिय कार्यालय, का.म.न.पा-३०, ज्ञानेश्वर, काठमाडौं।**

**छलफल तथा निर्णयका लागि निर्धारित विषयहरु:**

**(क) विशेष प्रस्ताव:**

१. कम्पनीको पूँजी वृद्धि गर्न प्रबन्धपत्रको दफा ६ (क), (ख) र (घ) संशोधन गर्ने।
२. शेयरको सार्वजनिक निष्काशनको सम्बन्धमा तेस्रो वार्षिक साधारण सभाले गरेको निर्णयलाई परिमार्जन गरी शेयरको सार्वजनिक निष्काशन गर्ने।

**(ख) विविध।**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**



**साउदीमा रोजगार**

कम्पनी: **EXCEPTIONAL CHEF CATERING ESTABLISHMENT** शहर: **Saudi Arabia, Riyadh**
पुर्व स्वीकृत मिति: २०८२/०१/०६ चलानी नं.: ६०२३६२३२ **L.T. No.: 322198**

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रू. | | | | | | | |
| 1. | Chef | 2 | 0 | स. काममा दक्ष | 2200 | ७९,९२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख १४ गते (27 April 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**FAZAL INTERNATIONAL PVT. LTD.** Gov. Lic. No. 709/064/065
Sinamangal, Kathmandu Tel: 4581208, 4581209, Fax: 4581210



**साउदीमा रोजगार**

कम्पनी: **L&T HYDROCARBON SAUDI COMPANY** शहर: **Dammam, KSA**
पुर्व स्वीकृत मिति: २०८२/०१/०५ चलानी नं.: ६०२३६२२९ **L.T. No.: 322175**

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रू. | | | | | | | |
| 1. | Construction Worker | 100 | 0 | स. काममा दक्ष | 1000 | ३६,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: **L&T VALVES ARABIA MANUFACTURING LLC** शहर: **Dammam, KSA**
पुर्व स्वीकृत मिति: २०८२/०१/०४ चलानी नं.: ६०२३६२३० **L.T. No.: 322176**

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रू. | | | | | | | |
| 1. | Loading And Unloading Worker | 4 | 0 | स. काममा दक्ष | 1650 | ५९,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख १४ गते (27 April 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**Lulu International Pvt. Ltd.** Govt. Lic. No. 1035/072/073
Samakhushi-26, Kathmandu, Tel: 01-4987011 | 01-4970151
Mob.: 9851083549 | 9802087028 | 9818065184



MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था)

ॐ कार विल्डिङ्ग (दोस्रो तल्ला) नयाँ बानेश्वर, काठमाण्डौं
फोन नं.: ०१-४७९२५१७, ४७९३१८५-१२०
फ्याक्स : ९७७-१-४७८२५१७
Website: www.manjushreefinance.com
Email: info@ manjushreefinance.com.np

**कर्जा चुक्ता/नियमित गर्न, गराउन आउन तथा नआएमा कालोसूचिमा राख्ने बारेको ३५ दिने सार्वजनिक सूचना**

**प्रकाशित मिति: २०८२/०१/०७**

यस वित्तीय संस्थाको योगिकुटी शाखा कार्यालयबाट कर्जा लिने देहाय बमोजिमका ऋणीहरुले ऋण लिँदा गरिदिनु भएको लिखत र कर्जा स्विकृत पत्रको शर्तमा तोकिए बमोजिम वित्तिय संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता रकम म्याद भित्र चुक्ता-भुक्तान नगर्नु भएकोले यस वित्तिय संस्थाबाट पटक पटक मौखिक, लिखित, फोन तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाउनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। उक्त म्याद भित्र यस वित्तिय संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुरहरु समेतका लेना रकम बुझाउनु हुन/बुझाउन लगाउनु हुन सम्बन्धित ऋणी तथा सम्बन्धित पक्षहरुलाई सूचित गरिएको छ। उक्त सूचनाको म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम वित्तिय संस्थालाई चुक्ता भुक्तान नगरी अटेर गरि बसेमा ऋण लिँदाका बखत यस वित्तिय संस्थालाई लेखिदिनु भएको धितोबाट र कथंमकदाचित उक्त धितोबाट असुल उपर हुन नसकी बाँकी रहेको रकम ऋणी वा निजको एकासगोल परिवारका नाउँमा रहेको अन्य चल अचल सम्पत्ति, ऋण लिँदा जमानि दिनेका नाममा रहेको वा निजको हकको चल-अचल सम्पत्तिबाट समेत बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी वित्तिय संस्थाको लेना रकम असुल उपर गरिलिने तथा ऋणी तथा सम्बन्धित अन्य पक्षहरुलाई समेत नेपाल राष्ट्र बैंकबाट क, ख र ग वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन नं. २०८० को १२(९) बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत पुर्व जानकारीका लागि यो सूचना प्रकाशित गरि सूचित गरिएको छ।

**तपशिल:**

| | |
|---|---|
| **कर्जाको प्रकार : व्यवसाय डिमाण्ड कर्जा**<br>**क) ऋणीको नाम :** स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय रुपन्देही लुम्बिनी प्रदेशमा मिति २०७८/०१/१४ गते, दर्ता नं. २३८ मा दर्ता भएको, स्थायी लेखा नं. ६११९८०७९३ भई रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं.१६ स्थित रजिष्ट्रर कार्यालय रहेको **श्री गुम्मेली सटरिङ्ग सेवा।**<br>**(करदाता : घन बहादुर थापा )**<br>**ख) ऋणीको नाम : घन बहादुर थापा**<br>**कर्जाको प्रकार : आवाश कर्जा**<br>**(ग) ऋणीको नाम : भोज वहादुर पाण्डे क्षेत्री**<br>**कर्जाको प्रकार : प्रोफेशनल कर्जा** | **करदाता/व्यक्तिगत जमानिकर्ता : घन बहादुर थापा**<br>बाबु : ओम बहादुर थापा<br>बाजे : हेमराज थापा<br>ना.प्र.नं. : ३७-०१-७८-१६६६०<br>जारी मिति : २०७८/१२/०१, जि.प्र.का : रुपन्देही<br>ठेगाना: रुपन्देही जिल्ला, तिलोत्तमा न.पा वडा नं. १६। |
| **व्यक्तिगत जमानिकर्ता : पुनम थापा**<br>बाबु : रुप बहादुर राना<br>पति : घन बहादुर थापा<br>ना.प्र.नं. : ६६५७३<br>जारी मिति : २०५९/११/०८, जि.प्र.का : रुपन्देही<br>ठेगाना: रुपन्देही जिल्ला, साविक मधवलिया गा.वि.स. वडा नं. ०८।<br>हाल : रुपन्देही जिल्ला, तिलोत्तमा न.पा वडा नं. १६। | **व्यक्तिगत जमानिकर्ता : हुमन थापा**<br>बाबु : घन बहादुर थापा<br>बाजे : ओम बहादुर थापा<br>ना.प्र.नं. : ३७-०१-७८-०१५६३<br>जारी मिति : २०७८/०४/१३, जि.प्र.का : रुपन्देही<br>ठेगाना : रुपन्देही जिल्ला, तिलोत्तमा न.पा वडा नं. १६। |
| **ऋणीको नाम : भोज वहादुर पाण्डे क्षेत्री**<br>बाबु : प्रेम वहादुर पाण्डे क्षेत्री<br>बाजे: बम बहादुर पाण्डे क्षेत्री<br>ना.प्र.नं :२०५१९<br>जारी मिति : २०४८/०४/२८<br>जि.प्र.का : रुपन्देही<br>ठेगाना : रुपन्देही जिल्ला मधौलिया गा.वि.स/उ.म.न.पा वडा नं ०४।<br>हाल : रुपन्देही जिल्ला तिलोत्तमा न.पा वडा नं १५। | **व्यक्तिगत जमानिकर्ता : रीता पाण्डे क्षेत्री**<br>बाबु :लक्ष्मी प्रसाद घिमिरे<br>पती : भोज वहादुर पाण्डे क्षेत्री<br>ना.प्र.नं : २१६४६१<br>जारी मिति : २०५६/१२/२९<br>जि.प्र.का : रुपन्देही<br>ठेगाना :रुपन्देही जिल्ला तिलोत्तमा न.पा वडा नं १५ को परिवर्तित तिलोत्तमा न.पा वडा नं १२। |

# कस्तो बजेटको तयारी गर्दैछन् अर्थमन्त्री ?

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ बैशाख ।



अर्थ मन्त्रालयले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट निर्माणको काम अगाडि बढाइरहेको छ । स्रोतको चाप, शिथिल अर्थतन्त्र, खस्कँदो निजी क्षेत्रको मनोबल तथा लगानी, नतिजामुखी बन्न नसकेको कर्मचारी प्रशासन, न्यून विकास खर्चलगायत समस्या मुलुकले खेपिरहेको वर्तमान अवस्थामा कस्तो बजेट सरकारले ल्याउँदैछ भन्ने चासो सबै सरोकारवालामा देखिएको छ ।

अर्थ मन्त्रालयले बजेट सँगसँगै नीति तथा कार्यक्रम निर्माणको काम पनि गरिरहेको छ । तर, विगतदेखि अपनाउँदै आइएको औसत नीति, स्वाभाविक गति र अहिलेकै जस्तो कार्यशैलीले अर्थतन्त्र सुधार्न तथा नयाँ सन्देश दिन सम्भव हुने देखिँदैन । साथै, वर्षेनी परम्परागत रूपमा आउने जनप्रतिनिधि तथा सांसदहरूको दबाब सम्बोधन गर्दै नयाँ कार्यक्रम थप गर्न स्रोत व्यवस्थ गर्न पनि निकै चुनौतीको विषय छ ।

राष्ट्रिय योजना आयोगले १९ खर्ब बराबरको बजेट ल्याउन सक्ने भन्दै सिलिङ तोकिदिएको छ । तर, अर्थशास्त्रीहरूले भने साढे १६ देखि १७ खर्ब भन्दा माथिको बजेट यथार्थपरक नहुने तर्क गरिरहेका छन् । सांसदहरूको दबाब र मन्त्रालयहरूको चाहना विरुद्ध जानुपर्ने अवस्था आए पनि हस्तक्षेपकारी र यथार्थपरक बजेट ल्याउने उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले औपचारिक बैठकमा बताउँदै आएका छन् । बजेटका बारेमा मन्त्रालयगत छलफलमा त्यसको छनक अर्थमन्त्रीले दिइसकेका छन् ।अघिल्ला आर्थिक वर्षमा बजेट पाएर पनि काम गर्न नसकेका, टुक्रे आयोजना, लगानीका आधारमा लाभ दिन नसक्ने, स्रोत सुनिश्चितता नभएका, प्रजेक्ट बैंकमा नपरेकालगायत आयोजनामा यसपटक निर्मम भएर कैँची चलाइने अर्थमन्त्री पौडेलले बताउँदै आएका छन् । आगामी बजेटको विषयमा अर्थ मन्त्रालयले पूर्व अर्थमन्त्रीहरूसँग गरेको छलफलमा उनीहरूले तीन करोड भन्दा साना प्रदेश र स्थानीय तहका योजना नलिन सुझाव दिएका छन् ।

अर्थमन्त्री पौडेलले लोकरिझ्याइँ र राजनीतिक पहुँच तथा शक्तिका आधारमा बजेट ल्याइने प्रवृत्तिको अन्त्य हुने बताएका छन् भने वितरणमुखी र लोकप्रिय बजेटभन्दा पनि यथार्थपरक र कार्यान्वयनयोग्य बजेटको तयारी गर्ने बताएका छन् । गत फागुनमा अर्थ मन्त्रालयले सबै मन्त्रालयहरूलाई बजेट तर्जुमा मार्गदर्शन पठाउँदै 'स्रोतमा चाप छ, पूर्वतयारी नभएका र प्रतिफल नदिने योजनाका लागि बजेट नमाग्नु', भनेको छ । अहिलेसम्म आगामी बजेट निर्माणको सन्दर्भमा राजस्व परामर्श समितिअन्तर्गत गठन भएका विभिन्न सात वटा विषयगत उपसमितिहरूले आफ्नो प्रतिवेदन बुझाइसकेका छन् । बजेट निर्माणलाई समावेशी, यथार्थपरक र परिणाममुखी बनाउने उद्देश्यले अर्थ मन्त्रालयले सबै मन्त्रालयहरूसँग चरणबद्ध परामर्श गर्नुका साथै पूर्व अर्थमन्त्री, नीति निर्माता तथा विषय विज्ञसँग पनि छलफल गरिसकेको छ । अझै महत्वपूर्ण विषय पूर्व अर्थसचिव रामेश्वर खनालको नेतृत्वमा बनेको उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले अर्थमन्त्री पौडेललाई आफ्नो बृहत् अध्ययन सहितको प्रतिवेदन बुझाइसकेको छ । सो आयोगले नेपालको वर्तमान अवस्थाको बारेमा विश्लेषण गर्दै अल्पकालीन र दीर्घकालीन आर्थिक सुधारका निम्ति सुझावहरु दिएको छ ।

सरकारले आगामी आर्थिक वर्षको बजेट ल्याउन अझै डेढ महिना बाँकी रहेको अवधिमा आयोगले दिएका कतिपय सुझावहरू आगामी बजेटमै सम्बोधन गरेर जान सकिने प्रकृतिका छन् । सरकारको आम्दानी र खर्च गर्ने क्षमता कमजोर बन्दै गइरहेको सन्दर्भमा आगामी बजेटबाट नै चालु खर्च कटौती, वित्तीय संघीयताको कार्यान्वयन, नीतिगत एवं कानुनी सुधारको पहल लगायतका विषयमा आयोगले दिएका सुझावलाई अर्थमन्त्री पौडेलले आगामी बजेटमा समावेश गर्नेगरी तयारी गर्दैछन् वा छैनन् यो सबैभन्दा महत्वपूर्ण र बजेटसँगै आगामी आर्थिक वर्षमा खोजिने विषय छ ।

उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग प्रतिवेदन कार्यान्वयन कार्ययोजना बनाउन सरकारले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव (शासकीय मामला क्षेत्र) को संयोजकत्वमा अर्थ मन्त्रालयका सचिव (राजस्व) र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव (उद्योग) रहेको समिति गठन गर्ने निर्णय समेत गरेको छ । जसकारण आगामी आर्थिक वर्षको बजेट आयोगको सुझाव पनि समेटिने संकेत देखिएको छ ।

आयोगमा बसेर प्रतिवेदन निर्माणमा काम गरेका निजी क्षेत्रका प्रतिनिधिहरूले पनि आगामी बजेट आयोगले दिएको सुझावअनुसार बन्नुपर्ने प्रतिक्रिया दिइरहेका छन् । अर्थ मन्त्रालयका प्रवक्ता श्याम प्रसाद भण्डारीका अनुसार यथार्थपरक र कार्यान्वयन योग्य बजेट निर्माणका लागि अर्थमन्त्रीको निर्देशन भएको बताएका छन् । 'जेजस्तो जोखिम लिन पनि म तयार छु तर, यथार्थपरक अनुशासित र अर्थतन्त्रलाई चलायमान गर्ने गरी बजेट ल्याउनुपर्छ भनेर अर्थमन्त्रीबाट निर्देशन भएको छ, त्यसका लागि गृहकार्य पनि राम्रो ढङ्गले चलिरहेको छ,' प्रवक्ता भण्डारीले भने ।

# सरकारले ९ महिनामा ३ खर्ब ६६ अर्ब ऋण उठायो




**काठमाडौं/मस** – सरकारले चालु आर्थिक वर्ष २०८१/८२ को चैत मसान्तसम्म साढे तीन खर्बभन्दा बढी ऋण उठाएको छ भने साढे दुई खर्बभन्दा बढी साँवा-ब्याज तिरेको छ।सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले तयार पारेको २०८१ चैत मसान्तसम्मको सार्वजनिक ऋणको प्रतिवेदनअनुसार चालु आर्थिक वर्षको सुरुमा कूल सार्वजनिक ऋण २४ खर्ब ३४ अर्ब नौ करोड रुपैयाँ थियो भने पछिल्लो नौ महिनामा दुई खर्ब ३३ अर्ब १७ करोड रुपैयाँ ऋण थपिएको छ । यसरी चैत मसान्तसम्ममा नेपालले तिर्न बाँकी कुल सार्वजनिक ऋण २६ खर्ब ६७ अर्ब २६ करोड रुपैयाँ पुगेको कार्यालयले जनाएको छ ।

'चैत मसान्तसम्ममा सार्वजनिक ऋण कूल ग्राहस्थ्य उत्पादन (जिडिपी) को अनुपातमा ४६ दशमलव ७५ प्रतिशत हुन आउँछ । कुल सार्वजनिक ऋणमा वैदेशिक ऋणको हिस्सा ५१ दशमलव १९ र आन्तरिक ऋणको हिस्सा ४८ दशमलव ८१ प्रतिशत छ', प्रतिवेदनमा भनिएको छ । मुलुकको हालसम्मको कूल सार्वजनिक ऋणमध्ये आन्तरिक ऋण १३ खर्ब एक अर्ब ९४ करोड र बाह्य ऋण दायित्व १३ खर्ब ६५ अर्ब ३२ करोड रुपैयाँ बराबर छ ।

सरकारले यस आर्थिक वर्षका लागि करिब साढे पाँच खर्ब रुपैयाँ सार्वजनिक ऋण उठाउने लक्ष्य राखेकामा गत चैत मसातसम्म ६७ प्रतिशत हाराहारी उठिसकेको छ । 'चालु आर्थिक वर्षमा जम्मा पाँच खर्ब ४७ अर्ब रुपैयाँ सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखिएकामा चैत मसान्तसम्ममा तीन खर्ब ६६ अर्ब नौ करोड रुपैयाँ ऋण प्राप्ति भएको छ । वार्षिक लक्ष्यको तुलनामा कुल सार्वजनिक प्राप्ति ६६ दशमलव ९३ प्रतिशत रहेको छ', प्रतिवेदनमा भनिएको छ ।

चालु आर्थिक वर्षको तेस्रो त्रैमाससम्म सरकारले दुई खर्ब ९१ अर्ब १४ करोड रुपैयाँ आन्तरिक ऋण उठाएको हो भने ७४ अर्ब ९५ करोड रुपैयाँ बाह्य ऋण उठाएको हो । वार्षिक लक्ष्यको तुलनामा हालसम्मको आन्तरिक ऋणको प्राप्ति ८८ दशमलव २२ प्रतिशत र बाह्य ऋणको प्राप्ति ३४ दशमलव ५४ प्रतिशत बराबर हो । यस आर्थिक वर्षका लागि सरकारले तीन खर्ब ३० अर्ब आन्तरिक ऋण र दुई खर्ब १७ अर्ब रुपैयाँ बाह्य ऋण उठाउने लक्ष्य राखेको छ ।

सार्वजनिक ऋण निरन्तर बढ्दै गएसँगै त्यसको साँवा-ब्याज भुक्तानीका लागि हुने खर्च पनि बढ्दै गएको छ । चालु आर्थिक वर्षको तेस्रो त्रैमाससम्ममा मात्रै करिब साढे दुई खर्बभन्दा बढी रकम साँवा ब्याज भुक्तानीमा खर्च भएको छ । 'चालु आर्थिक वर्षमा ऋण सेवा खर्चमा चार खर्ब दुई अर्ब ८५ करोड रुपैयाँ बजेट विनियोजन भएकोमा चैत मसान्तसम्म दुई खर्ब ५२ अर्ब ४८ करोड रुपैयाँ भुक्तानी भएको छ', सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले भनेको छ, 'यो वार्षिक विनियोजनको आधारमा ६२ दशमलव ६७ प्रतिशत हो । जिडिपीको आधारमा चैत मसान्तसम्ममा कूल ऋण सेवा खर्च चार दशमलव ४३ प्रतिशत रहेको छ ।' पछिल्लो नौ महिनामा आन्तरिक ऋणको साँवाब्याज भुक्तानीका लागि मात्रै दुई खर्ब १२ अर्ब ९३ करोड रुपैयाँ खर्च भएको छ । आन्तरिक ऋणको साँवा तिर्नका लागि एक खर्ब ७० अर्ब नौ करोड र ब्याज तिर्नका लागि ४२ अर्ब ८४ करोड रुपैयाँ बराबर खर्च भएको हो । त्यस्तै, बाह्य ऋणको साँवा ब्याज तिर्नका लागि ३९ अर्ब ४३ करोड रुपैयाँ बराबर खर्च भएको छ । जसमध्ये बाह्य ऋणको साँवा तिर्नका लागि ३२ अर्ब ९३ करोड र ब्याज तिर्नका लागि छ अर्ब ६१ करोड रुपैयाँ खर्च भएको छ ।

चालु आर्थिक वर्षको चैत मसान्तसम्ममा विदेशी मुद्राको विनिमय दरमा भएको परिवर्तनले मात्रै ७० अर्ब नौ करोड रुपैयाँ बराबर सार्वजनिक ऋणको दायित्व थपिएको कार्यालयले जनाएको छ । नेपालले वैदेशिक ऋण 'स्पेशल ड्रइङ राइट' (एसडिआर) अन्तर्गतका पाँचवटा विदेशी मुद्रामा लिन्छ । जसमा अमेरिकी डलर, युरो, पाउण्ड स्टर्लिङ, चिनियाँ युआन र जापानी येन पर्दछन् । चालु आर्थिक वर्षमा एसडिआरको विनिमय दरमा आएको वृद्धिले वैदेशिक ऋण दायित्वमा थप प्रभाव परेको कार्यालयले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ ।

# 'पर्यटनमा महिला उद्यमशीलताका लागि बजेट व्यवस्था गर्छौं'



**काठमाडौं/मस** – संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रिप्रसाद पाण्डेले पर्यटनमा महिला उद्यमशीलता ठूलो सम्भावना बोकेको क्षेत्र भएको बताएका छन् । उनले पुरुषहरू वैदेशिक रोजगारका लागि विदेश पलायन भएकाले पर्यटन क्षेत्रमा महिला उद्यमशीलताको सम्भावना र चुनौती दुवै भएको बताए ।

उनले महिला उद्यमशीलताका लागि पर्यटन क्षेत्र महत्वपूर्ण हुने बताए । महिलाले धैर्यतापूर्वक सोचेर करुणामैत्री भावले काम गर्ने भएकाले पर्यटन क्षेत्रमा महिलाको भुमिका उपयुक्त हुने बताए । उनले पर्यटन क्षेत्रमा महिला उद्यमशीलताका बारेमा सम्बन्धित क्षेत्रका विज्ञहरूसँग छलफल गरेर बजेटमा व्यवस्था गर्ने प्रतिबद्धता व्यक्त गरे । पर्यटनमा महिला उद्यमशीलता अर्थतन्त्रको पनि आधार बन्नसक्ने उनको भनाइ छ ।

उनले भने, 'महिला उद्यमशीलताको विषय निकै सम्भावना र चुनौती बोकेको विषय हो, सम्भावनाको क्षेत्रलाई उजागर गर्ने हो भने मानिसहरू विदेश पलायन भइरहेको अवस्था संख्यात्मक दृष्टिकोणबाट पनि पुरुषहरू विदेश पलायन भएको गाउँहरू रित्तो भएको अवस्था छ, रित्तो भएको सन्दर्भमा पनि गाउँमा महिलाहरू हुनुहुन्छ, ७० प्रतिशत महिला हुनुहुन्छ । महिलाहरू देशभित्र हुनुहुन्छ, यो महिला उद्यमशीलता नै महत्वपूर्ण यतिखेरका लागि अर्थतन्त्रको आधार हुनसक्छ पर्यटन क्षेत्रमा महत्वपूर्ण रणनीति हुनसक्छ ।'

मन्त्री पाण्डेले पर्यटन व्यवसायमा डिजिटल युगको अधिकतम उपयोग गर्नुपर्ने बताए । उनले सरकार र निजी क्षेत्रबीच विश्वासको संकट उत्पन्न भएको बताए । उनले विश्वासको कमी हुँदा समस्या उत्पन्न हुने भएकाले सरकार र निजी क्षेत्रले एक आपसमा विश्वासको वातावरण निर्माण गर्नुपर्नेमा जोड दिए ।

उनले भने, 'पर्यटनमा महिला भन्न विषय चाहीँ राम्रो गरी प्रस्तुत भयो तर, यसमा डिजिटल युग र यसको उपयोग गर्ने सन्दर्भमा कम छलफल भयो जस्तो लाग्यो, किन की यो डिजिटल युगल हामीलाई धेरै सहज बनाएको छ, होटलहरू बुक अनलाइनबाट हुने गर्छन्, होटलको सुविधा पनि हेर्छ, खर्च पनि हेर्छ, एकै बिन्दुबाट सेवा लिने र दिने इगभर्नेन्सको पनि हामीले कुरा गरी रहेका छौं ।'

मन्त्री पाण्डेले पर्वतारोहणको क्षेत्रमा काम गर्नेहरुका लागि सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने प्रक्रियामा सरकार रहेको बताए ।

# कालीकोटमा नेपाली हाते कागज उत्पादन



**काठमाडौं/मस** – कालिकोटको पचाल झरना गाउँपालिकामा नेपाली हाते कागज उद्योग सञ्चालनमा आएको छ । गाउँपालिकाको उद्योग विकास शाखाको आर्थिक सहयोगमा पचाल झरना गाउँपालिका-७ को समन्वय तथा पोखरा भ्याली टेक्निकल टेनिङ इन्स्टिच्युट पोखराको प्राविधिक सहयोगमा नेपाली हाते कागजको उद्योग सञ्चालन गरिएको हो ।

उद्योग सञ्चालनपछि स्थानीय समुदायलाई कागज उत्पादनमा दक्षता प्राप्त गर्न मद्दत पुर्याउने गाउँपालिकाको लक्ष्य रहेको छ ।

नेपाली हाते कागजको उत्पादनले वातावरणीय दृष्टिले पनि योगदान पुऱ्याउने भएकाले यसले समुदाय स्तरमा दिगो विकासमा मद्दत पुऱ्याउने विश्वास लिएको गाउँपालिका उद्योग विकास शाखा प्रमुख नेत्र राज शाहीले बताए ।

'स्थानीयलाई हाते कागज उत्पादन गरेर रोजगार मूलक काममा लगाउने लक्ष्य राखिएको छ । यहाँ उत्पादन भएको कागजलाई यहीको सरकारी कार्यालयमा खपत तथा बिक्री गर्ने उद्देश्य छ,' उनले भने ।

कागजको उत्पादन प्रक्रिया सुरु भएपछि स्थानीय व्यावसायिक गतिविधिमा वृद्धि र युवालाई स्वरोजगारको अवसर उपलब्ध गराउने प्रशिक्षक रजबहादुर शाहीले बताए ।

## कर्पोरेट

# सिप्रदी इम्प्याक्टको 'फुटबल फर फ्युचर' सातै प्रदेशमा




**काठमाडौं/मस** – सिप्रदीयन सहायता संस्था अन्तर्गत सिप्रदी इम्प्याक्ट र काठमाडौं किकर्सको सहकार्यमा निःशुल्क 'फुटबल फर फ्युचर' देशव्यापी बालिका फुटबल प्रशिक्षण शिविर सञ्चालनमा ल्याइएको छ । देशका विभिन्न भू-भागका बालिकाहरूको क्षमता विकास, आत्मविश्वास अभिवृद्धि र समावेशी अवसर सिर्जनाको उद्देश्यले उक्त शिविर सञ्चालनमा ल्याइएको हो ।

कार्यक्रमको पहिलो चरण धरानबाट सुरू गरिएको थियो जहाँ ८४ जना स्थानीय समुदायका बालिकाहरूले उत्साहका साथ सहभागिता जनाए भने जनकनन्दनीमा भएको प्रशिक्षण शिविरमा ९० भन्दा बढीको सहभागिता रहेको थियो ।

'हरेक बालिकाले आफ्नो क्षमतामा विश्वास गरुन्, अवसरहरू खोजुन् र आफ्नो समुदायमा परिवर्तन ल्याउन सकुन् भन्ने हाम्रो उद्देश्य रहेको छ, फुटबल एक माध्यम हो लक्ष्य चाहिँ दीर्घकालीन सामाजिक रूपान्तरण हो,' सिप्रदीयन सहायता संस्थाका वरिष्ठ उपाध्यक्ष शम्भु दाहालले भने ।

धरान र जनकपुरपछि 'फुटबल फर फ्युचर' देशव्यापी बालिका फुटबल प्रशिक्षण शिविर अब पोखरामा हुन लागिरहेको छ ।

# कुमारी बैंकले ल्यायो आइफोन १६ जित्ने योजना




**काठमाडौं/मस** – कुमारी बैंकले 'टपअप र फोनपे डाइरेक्ट गरौँ, बम्पर उपहार जितौँ ' योजना सार्वजनिक गरेको छ । बैंकले ग्राहकले आइफोन १६ जित्न सक्नेगरी सो योजना ल्याएको हो ।

साथै, हरेक हप्ता सय जनालाई एक सय रुपैयाँबराबरको मोबाइल रिचार्ज उपहार दिइने बैंकले जनाएको छ । योजनामा सहभागी हुन ग्राहकले कम्तीमा सय रुपैयाँको मोबाइल टपअप र कम्तीमा पाँच सयको फोनपे प्रत्यक्ष कारोबार गर्नुपर्नेछ । यो प्रक्रियालाई पूरा गरेपछि मात्रै ग्राहक साप्ताहिक तथा बम्पर उपहारका लागि योग्य हुने जनाइएको छ । ३१ बैशाखसम्म सञ्चालन हुने उक्त योजनामा सहभागीमध्येका एकजना भाग्यशाली विजेताले बम्पर उपहारस्वरूप आइफोन १६ जित्न सक्नेछन् । यस योजनाले ग्राहकलाई कुमारी स्मार्ट मोबाइल बैंकिङ एपमार्फत् डिजिटल कारोबार गर्न प्रोत्साहित गर्नुका साथै मोबाइल टपअप र फोनपे डाइरेक्ट कारोबारलाई प्रवर्द्धन गरी डिजिटल बैंकिङ सेवालाई सहज, सरल, सुरक्षित र भरपर्दो बनाउने लक्ष्य बैंकले राखेको छ ।

# चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्थाको सेवाकेन्द्र ठैबमा

**दीपकप्रसाद घिमिरे/मध्यान्ह**
ललितपुर, ६ वैशाख




चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्थाको पाटन सेवाकेन्द्र ठैबमा शुभारम्भ भएको छ । ललितपुरको पुल्चोकस्थित सञ्चालनमा रहेकको साविक पाटन बहुउदेश्यीय सहकारी संस्था र चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्थाबीच एकीकरण प्रकृया सम्पन्न भई पाटन सेवाकेन्द्र गोदावरी नगरपालिका वडा-१४, ठैबमा सञ्चालन भएको हो ।

आइएलओका बोर्ड मेम्बर तथा चन्द्रागिरि साकोसका सल्लाहकार योगेन्द्रकुमार कुँवरको प्रमुख आतिथ्यतामा उद्घाटन भएको उक्त सेवाकेन्द्रबाट वैशाख ६ गते नै ७० जना नयाँ व्यक्तिहरूले सदस्यता लिएको संस्थाका प्रमुख कार्यकारी अधिकृत कृष्णकुमार श्रेष्ठले बताए । कार्यक्रमका प्रमुख अतिथि कुँवरले चन्द्रागिरि साकोसले सहकारी अभियानमा सकारात्मक सन्देश जाने गरी सदस्यहरूको सेवा व्यवस्थापन गरेकोमा आफू खुशी रहेको उल्लेख गर्दै सहकारी क्षेत्रको छबी राम्रो बनाउनमा पनि योगदान रहनेगरी अगाडि बढ्ने भूमिका खेल्नुपर्ने धारणा राखेका थिए ।

कार्यक्रममा गोदावरी नगरपालिका वडा नं. ३ का अध्यक्ष सानुराजा घिमिरे र १४ का अध्यक्ष निरोज बज्राचार्यले सहकारी अभियानमा चुनौती बढिरहेको समयमा समुदायमा उत्कृष्ट सेवा प्रवाह गर्दै आएको चन्द्रागिरि साकोसले ठैबबाट सेवा प्रवाह गरेकोमा खुशी व्यक्त गरेका थिए । साथै, संस्थाका प्रमुख कार्यकारी अधिकृत कृष्णकुमार श्रेष्ठ संस्थाको संक्षिप्त परिचय, वस्तु तथा सेवा र भावी योजनाको बारेमा प्रस्तुतीकरण राखेका थिए भने सञ्चालक तथा सेवाकेन्द्र व्यवस्थापन उप समितिका सदस्य राजेश महर्जनले चन्द्रागिरि साकोस र पाटन बहुउद्देश्यीय सहकारीको एकीकरण सम्बन्धी चर्चा गरेका थिए ।

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ